# प्रभाव दैनिक
National Daily



**लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार**
- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रूचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



वर्ष ८ | अंक १११ | काठमाडौं | शनिबार, ३० साउन २०७८ | Prabhab National Daily, Saturday, Aug 14 , 2021 | URL www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भः वैदेशिक रोजगार

## क्यानबेरामा लकडाउन

■ प्रभाव संवाददाता

**क्यानबेरा–** अष्ट्रेलियाको राजधानी सहर क्यानबेरामा लकडाउन गरिएको छ। यसअघि अन्य राज्यमा मात्र लकडाउन लगाइएकामा यसपटक भने क्यानबेरामा पनि लकडाउन लगाइएको हो।

क्यानबेरामा लगाइएको एक साताको लकडाउन बिहीबारदेखि कार्यान्वयनमा आएको छ। क्यानबेरामा एक वर्षभन्दा लामो समयपछि कोरोनाका संक्रमित फेला परेसँगै लकडाउनको घोषणा गरिएको हो। मानिसहरू अत्यावश्यक कामको लागि मात्र बाहिर निस्किएका छन्। अष्ट्रेलियामा पछिल्लो समय डेल्टा भेरियन्टसहितको संक्रमण बढ्दो क्रममा देखिएको छ। संक्रमण बढेसँगै यसअघि नै सिड्नी र मेलबर्नमा लकडाउन गरिसकिएको छ। न्यु साउथ वेल्सको ठूलो क्षेत्रमा लकडाउन गरिएको छ। भिक्टोरियाको मेलबर्नमा पनि एक साताको लागि लकडाउन थपिएको छ।

यसैबीच सिड्नीमा मानिसहरूलाई लकडाउन पालना गराउन थप सेना परिचालन गर्ने तयारी गरिएको छ। पछिल्लो साता सातादेखि कडा लकडाउन गरिए पनि सिड्नीमा कोरोना संक्रमण भने अहिलेसम्मकै उच्च विन्दुमा देखिएको छ।

बिहीबार न्यु साउथ वेल्समा समग्रमा ३४५ स्थानीय कोरोना संक्रमित फेला परेका छन्। त्यस्तै दुई जनाको संक्रमणको कारण मृत्यु भएको छ। अहिलेसम्म एक चौथाइभन्दा कम अष्ट्रेलियाली नागरिकले मात्र कोरोना खोप लगाएका छन्।

मेलबर्नमा एक साता थपियो लकडाउन

उता, अष्ट्रेलियाको दोस्रो सबैभन्दा ठूलो सहर मेलबर्नमा एक साताको लागि लकडाउन थपिएको छ। एकैदिन यो सहरका २० जना मानिसमा कोरोना संक्रमण देखिएसँगै मेलबर्नमा लकडाउन लम्ब्याउने निर्णय गरिएको हो। निकै संक्रामक मानिएको डेल्टा भेरियन्टसहितको संक्रमणले अष्ट्रेलियामा पछिल्लो समय कोरोना संक्रमण फैलिइरहेको छ।

मेलबर्नमा यसअघि लगाइएको लकडाउन बिहीबारबाट सकिँदै थियो। तर, संक्रमण नियन्त्रणमा नआएको भन्दै अष्ट्रेलियाले लकडाउन लम्ब्याउने निर्णय गरेको हो। मानिसहरूले कडा लकडाउनको विरोध गर्दै लकडाउन हटाउनुपर्ने माग गरिरहेका छन् तर बुधबार भिक्टोरियाका प्रिमियर डान एन्ड्र्युजले अगष्ट १९ सम्म लकडाउन जारी रहने घोषणा गरेका हुन्। उनले अहिले लकडाउन खुकुलो पारेको अवस्थामा संक्रमण झन् बढ्नै भन्दै लकडाउन जारी राख्नु जरुरी रहेको बताएका हुन्।

## सेयर धितोमा कडाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले सेयर धितो राखेर ऋण प्रवाहमा कडाइ गरेको छ। नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिमा सेयर धितो ऋणको सीमा यथावत् राखे पनि ठूलो परिमाणमा भने लगानी गर्न नपाइने गरेको हो।

पछिल्लो समय सेयर धितो कारोबार अत्याधिक बढेपछि गभर्नर महाप्रसाद अधिकारीले सार्वजनिक गरेको मौद्रिक नीतिमा यस्तो व्यवस्था गरिएको छ। नयाँ व्यवस्थाअनुसार सेयर धितो ऋणको सीमा एक संस्था वा व्यक्तिको बढीमा १२ करोड रूप्याँ पुर्‍याइएको छ। एक बैंकबाट बढीमा चार करोड रूप्याँभन्दा बढी ऋण लिन पाइने छैन। विभिन्न बैंक तथा संस्थाहरूबाट गरेर जम्मा १२ करोड मात्रै ऋण पाइने व्यवस्था मौद्रिक नीतिमा छ।

सेयरको धितो मूल्यांकनको सीमालाई भने ७० प्रतिशतमा यथावत् नै राखिएको छ। सेयर धितोमा गरिएको कडाइले सेयर बजारमा नकारात्मक प्रभाव पर्ने बताइन थालिएको छ। नेपाली बैंकहरूले सेयरमा



५ खर्बको ऋण लगानी गर्न सक्ने क्षमता राख्ने बताइएको छ। एक लगानीकर्ताका अनुसार अहिले सेयर धितोको ऋणमा कुनै सीमा छैन, यस्तो सीमाले बजारलाई असर गर्छ। धितोपत्र बजारलाई प्रभावित नगर्ने अर्थमन्त्रीको घोषणाविरुद्धको मौद्रिक नीति आएको उनको धारणा छ।

यसैबीच, नेपाल राष्ट्र बैंकले विद्यमान कर्जा-स्रोत परिचालन अनुपात (सिसिडी रेसियो) खारेज गरेको छ। चालू आर्थिक वर्षका लागि राष्ट्र बैंकले ल्याएको मौद्रिक नीतिले सिसिडी रेसियो खारेज गरेको हो। गभर्नर अधिकारीले बैंक तथा वित्तीय संस्थाहरूले ०७९ असार मसान्तसम्ममा कर्जा-निक्षेप अनुपात (सीआडी) भने अधिकतम ९० प्रतिशत कायम गर्नुपर्ने बताए। यसैगरी पुँजी कोष र त्यसको अंगको रूप्मा रहेका ऋणपत्रबाहेकका अन्य ऋणपत्र र सापटीलाई उपरोक्त बमोजिमको कर्जा-निक्षेप अनुपातमा समायोजन गर्न सकिने व्यवस्था गरिने गभर्नर अधिकारीले बताए।

### प्रिमियम जोड्न बैंकलाई नै अधिकार

राष्ट्र बैंकले बेस रेट गणना विधि परिवर्तन गर्ने भएको छ। राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत आधार दर गणनाको विद्यमान विधिलाई पुनरावलोकन गरिने बताएको हो। बैंक तथा वित्तीय संस्थाहरूले कर्जाको ब्याजदर निर्धारण गर्दा आधार दरमा थप गर्ने प्रिमियम दर संस्था आफैंले निर्धारण गर्न सक्ने राष्ट्र बैंकले बताएको छ।

तर, उद्यम व्यवसाय सञ्चालन गर्न १ करोड रूप्याँ वा सोभन्दा कम ऋण उपयोग गर्ने ऋणीको हकमा आधार दरमा अधिकतम २ प्रतिशत बिन्दुले मात्र प्रिमियम थप गर्न सक्ने व्यवस्था मिलाइने राष्ट्र बैंकले बताएको छ।

### विपन्न वर्ग कर्जा

राष्ट्र बैंकले वाणिज्य बैंकहरूले प्रवाह गर्ने कृषि, पर्यटन र महिला उद्यमीले लिएको निश्चित सीमाको ऋणलाई विपन्न वर्गको कर्जामा रूपन्तरण गरेको छ। कोभिड पीडित क्षेत्रलाई यस्तो सुविधा दिएको राष्ट्र बैंकले जनाएको छ। कोरोना महामारीका कारण पर्यटन क्षेत्रमा रोजगारी गुमाएका व्यक्ति स्वरोजगार हुने गरी व्यवसाय सञ्चालन गर्न प्रवाह हुने १५ लाखसम्म, ऋणी स्वयं रोजगार हुने उद्देश्यले सवारीसाधन खरिद गर्न प्रवाह हुने २५ लाखसम्मको कर्जा र महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने २० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना हुने व्यवस्था मिलाइएको हो।

यस्तै कृषि व्यवसायीलाई २० लाखसम्म कृषि व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने कर्जालाई पनि विपन्न वर्ग कर्जामा गणना हुने व्यवस्था मिलाइएको राष्ट्र बैंकले जनाएको छ। यस्तो कर्जाको बीमालाई भने केन्द्रीय बैंकले अनिवार्य गरेको छ। वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले आफ्नो कुल कर्जा लगानीको न्यूनतम ५ प्रतिशत 'विपन्न वर्ग कर्जा' शीर्षकमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था छ।









**फल्चा शिलान्यास**

भक्तपुर-१० क्वाठण्डौंस्थित ऐतिहासिक सरस्वती फल्चा (पाटी) पुनर्निर्माणको शिलान्यास गर्दै नगरप्रमुख सुनिल प्रजापतिलगायत स्थानीय । करिब रु. २४ लाखमा पुनर्निर्माण हुने सो फल्चा ०७२ सालको भूकम्पले क्षति पुऱ्याएको थियो । तस्बिरः रासस

# तीनकुनेको पुल नयाँ स्वरूपमा



**काठमाडौं–** झण्डै सात वर्षदेखि अलपत्र बनेको तीनकुने (वाग्मती) पुल नयाँ डिजाइनमा नयाँ ठेक्कामार्फत निर्माण अघि बढाउन प्रक्रिया थालिएको छ । 'आर्स एन्ड ब्रिज' प्रविधिबाट निर्माण गर्न लागिएको पुल यसअघि निर्माणको जिम्मेवारी पाएको पप्पु कन्स्ट्रक्शन प्रालिको लापरबाहीका कारण अलपत्र बनेको थियो । सो कम्पनीले डिजाइनभन्दा फरक गरी निर्माण गरेको र त्रुटि सच्याउनभन्दा नमानेकाले त्यसलाई तोडिएको काठमाडौं उपत्यका सडक विस्तार योजनाले जनाएको छ । सो कम्पनीसँगको ठेक्का तोडिएपछि नयाँ प्रक्रिया सुरु गरिएको हो ।

सडक विभागले ०७१ सालमा तीनकुने पुल र बिजुलीबजारस्थित पुल एउटै समयमा सुरु गरेकामा बिजुलीबजारस्थित धोबीखोला पुल दुई वर्षपहिले देखि नै सम्पन्न भएर सञ्चालनमा छ । यो पुल निर्माण व्यवसायीको बेवास्ताका कारण अघि बढ्न सकेको थिएन । ०७५ सालमा निर्माण सम्पन्न हुनुपर्ने पुल अहिले आएर पुनर्निर्माण सुरु गर्न परेको योजनाले जनाएको छ ।

पहिलेको कम्पनीले बनाएको संरचनामध्ये एउटा फाउन्डेशन स्वीकार गरेर बाँकी सबै भत्काएर नयाँ ठेक्कामार्फत निर्माण हुने योजनाले जनाएको छ । नयाँ डिजाइन र नयाँ वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गरेर निर्माण अघि बढाउन लागिएको योजनाका सूचना अधिकारी अशोक यादवले बताएका छन् । उनका अनुसार पहिले जसरी नै अहिले पनि निर्माण व्यवसायी आफैंले डिजाइन गर्ने गरी (डिजाइन एन्ड बिल्ड) मार्फत निर्माण अघि बढाउन लागिएको हो । सो पुल पुल डिजाइन र निर्माण गरी झण्डै ४२ महिना लाग्ने उनले बताए । यसअघि पुल निर्माणस्थलमा खानेपानी, विद्युत् लगायतका संरचना हटाउन समय लागे पनि अहिले त्यो समस्या हटिसकेको छ । उनले भने, 'निर्माणस्थल खाली नै भएकाले व्यवसायीले सरासर काम गर्न सक्नेछ ।'

दुई सातापहिले बोलपत्र आह्वान भएकामा ठेक्का सम्झौता हुन प्रक्रियामा नै झण्डै दुई महिना लाग्ने योजनाले जनाएको छ । यसअघि पप्पु कन्स्ट्रक्शनसँग रु २१ करोडमा ठेक्का भएको थियो । अहिले ठेक्का आह्वान भएकाले कति रकममा कबुल हुन्छ त्यसैका आधारमा यसको बजेट थाहा हुने उनले बताए ।

योजनाले पहिलेको कम्पनीले बनाएको संरचना सबै मान्यता नदिएको भत्काउने निर्णय गरेको सूचना अधिकारी यादवले बताएका छन् । कम्पनीले दुई ' फाउन्डेशन स्ट्रक्चर' बनाएकामा एउटा काम लाग्ने भएकाले स्वीकार गरिएको र अर्को भत्काउने निर्णय गरेको थियो । यसअघि कम्पनीसँगको ठेक्का तोडेर नयाँ ठेक्कामा जान झण्डै एक वर्ष लागेको छ । कम्पनीले प्राविधिक नभई काम गर्ने ढलानलगायत निर्माणको काम गरेको सूचना अधिकारी यादवले बताए । २९ मिटर पाइल राख्नुपर्नेमा २५ मिटर राखेकाले सच्याउनभन्दा पनि कम्पनीले मानेको थिएन । पप्पुको स्वीकार भएको संरचनाको भुक्तानी भइसकेको उनले बताए । त्यसबाहेक भत्काउनुपर्ने संरचनाको रकमसमेत निर्माण व्यवसायीबाट नै असुल गर्ने नियम छ ।

यसअघि निर्माण व्यवसायीले लापरबाही गरेको भन्दै निर्माणको काम सुरु भएको केही समयमा नै रोकिएको थियो । प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले पुल निर्माणमा समस्या देखिएको भन्दै त्यसलाई अघि नबढाउन र निर्माण व्यवसायीलाई कारबाही गर्न निर्देशन दिएको थियो । जगको काम हुँदा नै समस्या भएकाले त्यो अघि बढ्न नसकेको सूचना अधिकारी यादवले बताए । निर्माण कम्पनीले डिजाइनअनुसार काम नगरेको भन्दै सडक विभागले त्यसलाई सच्याउन भने पनि उसले अटेर गरेकाले ठेक्का तोडिएको थियो । उनले भने, 'अहिले पनि कम्पनी कालोसूचीमा नै रहेको छ ।'

यसअघि पनि पुल निर्माण कम्पनी आफैंले डिजाइन गर्ने (डिजाइन एन्ड बिल्ड) गरी भएको सम्झौता भएकामा अहिले पुनः सोही प्रक्रियाबाट निर्माणमा जान लागिएको हो । यसअघि निर्माणको काम गरेको कम्पनीसँग ठेक्का अन्त्य भएपछि मात्रै नयाँ प्रक्रियामा जान बाटो खुलेको आयोजनाले जनाएको छ । नयाँ ठेक्कामा जाँदा पनि पुनः डिजाइन गर्नुपर्ने भएकाले साढे तीन वर्ष लाग्ने सूचना अधिकारी यादवले जानकारी दिए । रासस

# २७ सम्पदाको पुनर्निर्माण सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** विनाशकारी गोरखा भूकम्पबाट क्षतिग्रस्त विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रका २७ सम्पदाको पुनर्निर्माण सम्पन्न भएको छ । १२ वैशाख ०७२ को भूकम्पले क्षतिग्रस्त बनेको उक्त क्षेत्रको ५८ सम्पदामध्ये २७ वटा सम्पदाको पुनर्निर्माण सम्पन्न भएको हो । हनुमानढोका दरबार हेरचाह अड्डाका अनुसार बाँकी २१ वटा सम्पदाको पुनर्निर्माण भइरहेको छ ।

अड्डाका प्रमुख सन्दीप खनालका अनुसार विश्व सम्पदा क्षेत्रमा रहेका ७० सम्पदामध्ये १४ वटामा कुनै क्षति भएको थिएन । हाल बनिरहेका सम्पदाको काम नसकी अरु काम गर्न नमिल्ने भएकाले २० सम्पदाको काम अझै सुरु हुन सकेको छैन । माजुदेगअघि कामदेव मन्दिर छ, माजुदेग पुनर्निर्माण नसकी कामदेव मन्दिरको काम गर्न नसकिने भएकाले पुनर्निर्माणको काम केही ढिलाइ भएको उनले जानकारी दिए ।

हनुमानढोका विकास समितिबाट पुनर्निर्माण भइरहेको गद्दी बैठक र नौतले भवनको बीचमा रहेको राणाकालीन सेतो भवन, फरास खाना, पृथ्वीनाराण शाहको शयन कक्ष, जैशी देवल र दश अवतार आगामी तीन महिनाभित्र पुनःनिर्माण सम्पन्न गर्ने गरी तीव्ररूपमा काम भइरहेको छ । त्यसैगरी यहाँको अर्को महत्वपूर्ण सम्पदा काष्ठमण्डप पनि दशैंअगावै सक्ने गरी काम भइरहेको छ । हाल यस सम्पदामा गजुर राख्ने तयारी छ ।

आगम्छे घर जापानी सहयोग नियोग (जाइका) को अनुदान सहयोगमा पुनःनिर्माण भइरहेको छ । जगन्नाथ र गोपीनाथ मन्दिर वाग्मती प्रदेश पूर्वाधार विकास कार्यक्रमअन्तर्गत पुनर्निर्माण भइरहेको छ । काठमाडौं महानगरपालिकाबाट पुनर्निर्माण भइरहको माजुदेग, शिवपार्वती मन्दिर र नारायण मन्दिरको भने निर्माण कार्य सुस्त गतिमा भइरहेको छ ।

हनुमानढोका दरबार क्षेत्रको नौतले दरबार चीन सरकारको अनुदान सहयोगमा पुनर्निर्माण भइरहेको छ । दरबारको ७० प्रतिशत काम सकिएको छ । कोरोना महामारीका कारण नौतले दरबार पुनर्निर्माणमा केही ढिलाइ भएको छ । नौतले दरबार सन् २०२२ सम्ममा सक्ने गरी सम्झौता भएको अड्डाले जनाएको छ । यसैगरी गद्दी बैठक अमेरिकाको सहयोगमा पुनर्निर्माण सम्पन्न भइसकेको छ ।

## आजको राशिफल

**ज्योतिषाचार्य रोदना घिमिरे**
**उपप्राध्यापक**

आज मिति २०७८ साल श्रावण २७ गते बुधबार तृतीया तिथि श्रावण शुक्लपक्षः सुर्योदय ५ः ३२ सुर्यास्त १८ : ४५ बराह जयन्ती ।

**मेष** स्वास्थ्यमा समस्या आइपर्न सक्छ सचेत रहनुपर्ला ।

**वृष** मान सम्मान पाउँदा मन हर्षित हुंनेछ ।

**मिथुन** पठन पाठनका क्षेत्रमा विशेष रुची बढ्नेछ ।

**कर्कट** आफु बसेको ठाउंबाट अर्को ठाउँमा जानुपर्ने हुंन सक्छ ।

**सिंह** मित्रजनबाट सहयोग प्राप्त गर्न कठिन हुंनेछ ।

**कन्या** लक्ष्मीका कृपाले धन लाभ हुन सक्छ ।

**तुला** व्यापार व्यवसायमा राम्रै आम्दानी हुंन सक्छ ।

**वृश्चिक** आर्थिक संकटका कारण काम अपुरो हुंन सक्छ ।

**धनु** राज्यको पक्षबाट भय को सामना गर्नुपर्ने हुंन सक्छ ।

**मकर** विशिष्ट व्यक्तित्वहरूसँग भेट गर्ने मौका मिल्न सक्छ ।

**कुम्भ** आफुले गरेका काममा बाधा आइपर्न सक्नेछ ।

**मीन** धार्मिक कार्यमा सक्रिय सहभागिता हुनसक्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन २७ गते, २०७८, ११ अगष्ट २०२१)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैया | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनिया युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## सूचना सूचना सूचना

यस **एस् आर ड्रग्स ल्याबोरोटोरीज प्रा. लि.** बाट उत्पादित निम्नानुसारका औषधीहरू को आ ब २०७८।०७९ को लागि बजार दररेट तथा बिक्रि मुल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि यी औषधीहरू कुनै संध संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्न' परेमा यस कम्पनीको आधिकारिक बिक्रेता श्री विभुम मेडिसिन सप्लायर्स प्रा.लि., बालाजु काठमाडौंबाट खरिद गर्न सक्नुहुनेछ भनी यो सुचना प्रकाशित गरिएको छ।

**Email: bivummedicinesuppliers@gmail.com , Ph : 014387799, 9851241452**

S.R. DRUG LAB Pvt Ltd PRODUCT & RATE LIST 2078/079

| S.N | BRAND NAME | Generic Name | UNIT | PACK | MRP per Box | Sales Rate |
|---|---|---|---|---|---|---|
| 1 | ACIDIN 150 TAB (25X10) | Ranitidine HCl 150mg | 250 | 10X25 | 500 | 431.03 |
| 2 | ACIV 200 TAB (10X5) | Acyclovir USP 200mg | 50 | 5 X10 | 550 | 474.14 |
| 3 | ACIV CREAM 5GM | Acyclovir BP 5% W/W in Cream base | 1 | 5 gm | 70 | 60.34 |
| 4 | ALIN 10 TAB (10X20) | Amitriptyline HCL IP 10mg | 200 | 10x20 | 480 | 413.79 |
| 5 | ALIN 25 TAB (10X20) | Amitriptyline HCL IP 25mg | 200 | 10x20 | 760 | 655.17 |
| 6 | ALIN 75 TAB (10X10) | Amitriptyline HCL IP 75mg | 100 | 10x10 | 650 | 560.34 |
| 7 | AM-CLAV 375 TAB(1X6X10) | CO-AMOXYCLAV 375 mg TAB | 60 | 6x10 | 2400 | 2,068.97 |
| 8 | AM-CLAV 625 TAB(10X10) | CO-AMOXYCLAV 625 mg TAB | 100 | 10X10 | 5000 | 4,310.34 |
| 9 | ANGILOK 2.5 TAB (10X10) | Amlodipine Besylate 2.5mg | 100 | 10x10 | 230 | 198.28 |
| 10 | ANGILOK 5 TAB (10X10) | Amlodipine Besylate 5mg | 100 | 10x10 | 500 | 431.03 |
| 11 | ANGILOK-AT TAB (10X10) | Amlodipine Besylate 5 mg + Atenolol 50 mg | 100 | 10 x 10 | 700 | 603.45 |
| 12 | ASPICARD 150 TAB (10X10) | Aspirin 150 mg | 100 | 10x10 | 200 | 172.41 |
| 13 | ASPICARD 75 TAB (10X25) | Aspirin 75 mg | 250 | 10x25 | 300 | 258.62 |
| 14 | ATOVAST 10 TAB (10X10) | Atorvastatin 10mg | 100 | 10x10 | 1078 | 929.31 |
| 15 | AZIFAST 250 TAB (6X5) | Azithromycin 250mg | 30 | 6x5 | 523.5 | 451.29 |
| 16 | AZIFAST 500 TAB (20X3) | Azithromycin 500mg | 60 | 3 x 20 | 1800 | 1,551.72 |
| 17 | AZIFAST DS SUSP. 15ML (200MG/5ML) | Azithromycin 200mg/5ml | 1 | 15 ml | 75 | 64.66 |
| 18 | AZIFAST SUSPENSION 15ML (100MG/5ML) | Azithromycin 100mg | 1 | 15 ml | 55 | 47.41 |
| 19 | BETATEN 50 TAB (10X10) | Atenolol 50 mg | 100 | 10x10 | 300 | 258.62 |
| 20 | BICO-Z CAP (20X10) | B-Complex Capsule with Zinc | 200 | 10X20 | 1000 | 862.07 |
| 21 | BICO-Z SYRUP 100ML | B-Complex Syrup with Zinc | 1 | 100ml | 80 | 68.97 |
| 22 | BICO-Z SYRUP 200ML | B-Complex Syrup with Zinc | 1 | 200ml | 130 | 112.07 |
| 23 | BLIZ 0.25 TAB (20X10) | Alprazolam 0.25 mg | 200 | 10x20 | 340 | 293.10 |
| 24 | BRONCOSAL SYRUP 100ML | Salbutamol 2mg + Bromohexine HCl 5mg | 1 | 100 ml | 70 | 60.34 |
| 25 | BUFEMOL SUSPENSION 50ML | Paracetamol IP 125mg + Ibuprofen IP 100mg/5 ml Susp. | 1 | 60ml | 32 | 27.59 |
| 26 | BUFEMOL TAB (10X25) | Ibuprofen 400mg + Paracetamol 325mg | 250 | 10X25 | 500 | 431.03 |
| 27 | CARZEP 200 TAB (10X10) | Carbamazepine 200mg | 100 | 10x10 | 500 | 431.03 |
| 28 | C-CARE 500 CHEWABLE TAB (10X10) | Vitamin C Chewable Tablet | 100 | 10x10 | 600 | 517.24 |
| 29 | CHLORFEN TAB (50X10) | Chlorpheniramine Maleate 4 mg | 500 | 10x50 | 600 | 517.24 |
| 30 | CIFLOQUIN 250 TAB (10X10) | Ciprofloxacin HCl 250mg | 100 | 10x10 | 500 | 431.03 |
| 31 | CIFLOQUIN 500 TAB (10X10) | Ciprofloxacin HCl 500mg | 100 | 10x10 | 800 | 689.66 |
| 32 | CLOMAZOLE CREAM 15GM | Clotrimazole 10 mg | 1 | 15 gm | 110 | 94.83 |
| 33 | CLOVE OIL 5ML | Clove Oil 5ml | 1 | 5 ml | 35 | 30.17 |
| 34 | CLOXIN 250 CAP (10X10) | Cloxacillin Sodium 250mg | 100 | 10x10 | 650 | 560.34 |
| 35 | CLOXIN 500 CAP (10X10) | Cloxacillin Sodium 500mg | 100 | 10x10 | 1000 | 862.07 |
| 36 | COLDAREST TAB (10X25) | Anticold (Paracetamol 500mg + Chlorpheniramine Maleate 4mg + Phenyl propanolamine HCl 10mg) | 250 | 10x25 | 750 | 646.55 |
| 37 | CONAZOL 150 CAP (1X25) | Fluconazole 150mg | 25 | 1X25 | 600 | 517.24 |
| 38 | Cordcare GEL 3 GM | Chlorhexidine Gluconate | 1 | 3 GM | 28 | 24.14 |
| 39 | COTRICIDE 120 DT | Cotrimoxazole (Sulphamethoxazole 100 mg + Trimethoprim 20 mg) | 250 | 25X10 | 500 | 431.03 |
| 40 | COTRICIDE 240 DT | Cotrimoxazole (Sulphamethoxazole 200 mg + Trimethoprim 40 mg) | 250 | 25X10 | 750 | 646.55 |
| 41 | Cotricide DS tab | Cotrimoxazole (Sulphamethoxazole 800mg + Trimethoprim 160mg) | 250 | 10X25 | 800 | 689.66 |
| 42 | Cotricide Susp 60ml | Cotrimoxazole (Sulphamethoxazole 200mg + Trimethoprim 40mg) | 1 | 60ml | 36 | 31.03 |
| 43 | Cotricide tab | Cotrimoxazole (Sulphamethoxazole 400mg + Trimethoprim 80mg) | 250 | 10X25 | 440 | 379.31 |
| 44 | DERMCALM LOTION 100ML | Calamine IP 15% W/v + Camphor BP 0.1 % w/s +Diphenhydramine Hydrochloride IP 1% w/v +Zinc Oxide IP 5%w/v + Denatured Spirit 2.37% v/v | 1 | 100 ml | 100 | 86.21 |
| 45 | DERMCALM LOTION 60ML | Calamine IP 15% W/v + Camphor BP 0.1 % w/s +Diphenhydramine Hydrochloride IP 1% w/v +Zinc Oxide IP 5%w/v + Denatured Spirit 2.37% v/v | 1 | 60 ml | 70 | 60.34 |
| 46 | DICFEN GEL 30GM | Diclofenac Diethylamine 1% w/w | 1 | 30 gram | 150 | 129.31 |
| 47 | DICFEN TAB (25X10) | Diclofenac Sodium 50mg | 250 | 10X25 | 750 | 646.55 |
| 48 | FOLIUM TAB (25X10) | Folic Acid | 250 | 25X10 | 375 | 323.28 |
| 49 | FRUSEM TAB (10X10) | Frusemide 40 mg | 100 | 10X10 | 100 | 86.21 |
| 50 | GERMIDINE OINTMENT 15GM | Povidone iodine IP 5 % W/W | 1 | 15gm | 95 | 81.90 |
| 51 | GERMIDINE SOLUTION 450 ML | Povidone Iodine | 1 | 450 ml | 350 | 301.72 |
| 52 | HEMAMET TAB (25X10) | Ferrous Sulphate IP 200mg eq. to Elemental Iron 60 mg and Folic Acid IP 0.04mg | 250 | 10x25 | 750 | 646.55 |
| 53 | HEMATIN CAP (10X10) | Folic Acid 0.55mg + Iron(III) Polymaltose 100mg | 100 | 10x10 | 800 | 689.66 |
| 54 | HYOMIDE 10 TAB (10X10) | Hyoscine Butyl Bromide 10mg | 100 | 10x10 | 1700 | 1,465.52 |
| 55 | HYOMIDE 20 TAB (10X10) | Hyoscine Butyl Bromide 20mg | 100 | 10x10 | 2800 | 2,413.79 |
| 56 | IBUSAR 200 TAB (25X10) | Ibuprofen 200mg | 250 | 10X25 | 200 | 172.41 |
| 57 | IBUSAR 400 TAB (25X10) | Ibuprofen 400 mg | 250 | 10X25 | 500 | 431.03 |
| 58 | IBUSAR 600 TAB (25X10) | Ibuprofen 600mg | 250 | 10X25 | 550 | 474.14 |
| 59 | INDO 25 CAP (10X10) | Indomethacin 25 mg | 100 | 10x10 | 600 | 517.24 |
| 60 | INDO 50 CAP (10X10) | Indomethacin 80 mg | 100 | 10x10 | 800 | 689.66 |
| 61 | LOSATEC 50 TAB (10X10) | Losartan Potassium 50mg | 100 | 10x10 | 760 | 655.17 |
| 62 | MEGACEF 100 DT TAB(10X10) | Cefixime 100mg | 100 | 10X10 | 1800 | 1,551.72 |
| 63 | MEGACEF 200 DT TAB (10X10) | Cefixime200mg | 100 | 10X10 | 2000 | 1,724.14 |
| 64 | MEGACEF DRY SYRUP 30ML | Cefixime 100mg | 1 | 30ml | 64 | 55.17 |
| 65 | META-H 1000SR TAB (10X10) | Metformin Hydrochloride 1000mg | 100 | 10x10 | 600 | 517.24 |
| 66 | META-H 500 TAB (10X25) | Metformin Hydrochloride 500mg | 250 | 10x25 | 500 | 431.03 |
| 67 | META-H 850 TAB (10X10) | Metformin Hydrochloride 850mg | 100 | 10x10 | 350 | 301.72 |
| 68 | METRIZ 200 TAB (25X10) | Metronidazole 200mg | 250 | 10X25 | 250 | 215.52 |
| 69 | METRIZ 400 TAB (10X25) | Metronidazole 400mg | 250 | 10X25 | 875 | 754.31 |
| 70 | METRIZ SUSPENSION 60ML | Metronidazole IP 100mg/5ml Susp. | 1 | 60ml | 60 | 51.72 |
| 71 | MUCOSAL 4 TAB (20X10) | Salbutamol 4mg | 200 | 10X20 | 400 | 344.83 |
| 72 | MYMOX 125 DT TAB (10X10) | Amoxycillin 125mg DT | 100 | 10x10 | 350 | 301.72 |
| 73 | MYMOX 250 CAP (10X10) | Amoxycillin 250mg | 100 | 10x10 | 500 | 431.03 |
| 74 | Mymox 250 DT | Amoxycillin 250mg DT | 100 | 10x10 | 500 | 431.03 |
| 75 | MYMOX 500 CAP (20X10) | Amoxycillin 500 mg | 200 | 10X20 | 1600 | 1,379.31 |
| 76 | MYMOX DROPS 10ML | Amoxycillin 100mg | 1 | 10ml | 40 | 34.48 |
| 77 | MYMOX DRY SYRUP 60ML | Amoxycillin 125mg | 1 | 60ml | 85 | 73.28 |
| 78 | MYMOX DRY SYRUP 90ML | Amoxycillin 125 mg | 1 | 90 ml | 125 | 107.76 |
| 79 | OMOCID 20 CAP (20X10) | Omeprazole 20mg | 200 | 10X20 | 800 | 689.66 |
| 80 | P-40 TAB (20X10) | Pantoprazole 40mg | 200 | 10X20 | 1600 | 1,379.31 |
| 81 | PHENOCET TAB (50X10) | Paracetamol 500mg | 500 | 10x50 | 500 | 431.03 |
| 82 | PROMETH 25 TAB(10X10) | Promethazine HCl IP 25mg | 100 | 10x10 | 260 | 224.14 |
| 83 | PURINOL TAB (10X10) | Allopurinol 100mg | 100 | 10x10 | 300 | 258.62 |
| 84 | RECTIFIED SPIRIT 450ML | Rectified Spirit 450 ml | 1 | 450 ml | 300 | 258.62 |
| 85 | RIZICET SYRUP 30ML | Cetirizine HCL 5 mg | 1 | 30ml | 45 | 38.79 |
| 86 | RIZICET TAB (10X25) | Cetirizine HCL 10 mg | 250 | 25X10 | 1000 | 862.07 |
| 87 | SALIDERM OINTMENT 15GM | Benzoic Acid IP 6% w/v + Salicylic Acid IP 3% w/v | 1 | 15gm | 55 | 47.41 |
| 88 | SALIDERM OINTMENT 30GM | Benzoic Acid IP 6% w/v + Salicylic Acid IP 3% w/v | 1 | 30 gm | 70 | 60.34 |
| 89 | SALTCARE (20.5GM) | Sodium Chloride 2.6gm + Dextrose Anhydrous 13.5gm + Potassium Chloride 1.5gm + Trisodium Citrate 2.9gm | 1 | 1 | 10 | 8.62 |
| 90 | SCADERM LOTION 100ML | Cetrimide ( IP 0.1% w/v + Gamma Benzene Hexacholoride IP 1% w/v) | 1 | 100 ml | 100 | 86.21 |
| 91 | SILZINE CREAM 25GM | Silver Sulphadizine USP 1%W/W | 1 | 25gm | 100 | 86.21 |
| 92 | SR DOX CAP (10X10) | Doxycycline HCl 100mg | 100 | 10x10 | 600 | 517.24 |
| 93 | TUPEN 500 CAP (10X10) | Ampicillin Trihydrate 250mg + Cloxacillin Sodium 250mg | 100 | 10x10 | 1200 | 1,034.48 |
| 94 | Vitacal Susp 200 ml | Calcium Carbonate 250mg+ Vitamin D3 125 IU | 1 | 200 ml | 100 | 86.21 |
| 95 | VITACAL TAB (10X25) | Calcium Carbonate 500mg + Vitamin D3 250 IU | 250 | 10X25 | 1250 | 1,077.59 |
| 96 | WORMLOC TAB (1X50) | Albendazole 400mg (Chewable Tablet) | 50 | 1X50 | 500 | 431.03 |
| 97 | ZENOSAR 200 TAB (10X10) | Ofloxacin 200mg | 100 | 10x10 | 500 | 431.03 |
| 98 | ZENOSAR 400 TAB (10X10) | Ofloxacin 400mg | 100 | 10x10 | 800 | 689.66 |
| 99 | ZINCAMINE 20 DT (25X10) | Zinc Glucomate USP eq. to Zinc 20 mg Tab | 250 | 10x25 | 1000 | 862.07 |
| 100 | ZOLENTA 500 TAB (10X10) | Tinidazole 500mg | 100 | 10x10 | 500 | 431.03 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सेयर लगानीमा लगाम आवश्यक

अहिले सेयर लगानीमा बाढी आएको छ । बर्खायामसँगै आउने बाढीभन्दा कमको छैन, सेयर लगानी । अहिले सेयर लगानी नगर्ने भेट्नै सकिएको छैन । वास्तवमा सेयर लगानी गर्नेहरूको कुरा गर्ने हो भने यो फेसन भएको छ । अहिले नुनदेखि सुन पसलसम्म सेयर कारोबारको कुरा हुन थालेको छ । वास्तवमा सेयर लगानी बढ्नुलाई सकारात्मक मान्नुपर्छ तर सेयर लगानीको नाममा गरिएको लगानी कति सुरक्षित छ ? यो चाहिँ प्रमुख कुरा हो । केही स्वार्थ समूहको योजनामा सेयर बजार उछालिएको हो । बजारको अध्ययन नै नगरी गरिएको लगानीले प्रतिफल दिनै सक्दैन । कम्पनीको आर्थिक, भौतिक र व्यवस्थापनसँग पनि अनभिज्ञले गरेको लगानीको सुरक्षा कस्ले लिने ? लगानीको सुरक्षा कोही कसैले दिने होइन तर अन्जानमा गरिएको लगानी उचित हुँदैन भन्ने चाहिँ जान्नुपर्छ । कुनै पनि कम्पनीको सेयर खरिद गर्नु भनेको उक्त कम्पनीको आम्दानी, बिक्रीको अवस्था, कम्पनीले के कति नाफा कमाइरहेको छ ? यसले आफ्ना सेयरहोल्डरहरूलाई कति नाफा वितरण गरिरहेका छ ? यसबारे स्पष्ट भएपछि मात्र सेयर खरिद गर्नुपर्ने हुन्छ ।

बजारमा सो कम्पनीको मूल्य कति छ ? भनेर सोध्ने होइन । बरु कम्पनी कति नाफामा गएको छ ? यसको व्यवस्थापन कस्ले हेरिरहेका छ ? यसमा लगानी गरेपछि यसबाट लाभांश पाइन्छ कि पाइँदैन ? यस्ता कुरा चाहिँ प्राथमिक हुन् । प्राथमिक कुराहरूमाथि अध्ययन नगरी गरिएको लगानी फिर्ता हुने सम्भावना हुँदैन । सेयर किनबेच सामान्य कुरा हुन् । तर, यदि सेयरको मूल्य भनेको कम्पनीको अवस्थाले देखाउने हो तर अहिले त सेयर बजारको मूल्य तिनै दलालहरूको हातमा रहेको देखिन्छ । अहिले नेपाल धितोपत्र बोर्डले ५१ ओटा सूचीकृत कम्पनीको सेयर मूल्य चलेखेल गरेर बढाइएको पाइएको जनाएपछि अब लगानीकर्ताको मुटुमा ढ्यांग्रो बजेको हुनुपर्छ । पछिल्लो समय केही कम्पनीको सेयर मूल्य अस्वभाविक रूपमा बढेपछि बोर्ड कमिटी नै बनाएर अध्ययन गरिएको थियो । सेयर कारोबारीहरूको चंगुलमा पारेर सेयरको मूल्य बढाउने र आफ्नो सेयर बिक्री गर्ने र अहिले आएर सो कम्पनीहरूको अवस्थाका कारण सेयर कारोबार नै रोक्नु पर्ने अवस्था आयो भने के हुन्छ ?

बोर्डको अध्ययनले ५१ कम्पनीको सेयर मूल्यमा चलखेल गरेर बढाएको निष्कर्ष निकालेको छ । यो त पहिलो चरणको अध्ययन मात्र हो । यसभित्र भएको चलखेलले लगानीकर्ता फस्ने देखाउन सक्छ । एक वर्षमा सेयर मूल्य ३ सय प्रतिशतभन्दा बढीले वृद्धि हुनु अस्वभाविक हो । सेयर बजार उकालो लाग्नु खुसीको कुरा भए पनि चलखेलकै कारण मूल्य बढाइएको हो भने लगानीकर्ता डुब्ने अवस्था आउन सक्छ । दलालाहरूले त आफ्नो लगानी उठाएरै छाड्छ तर वास्तविक लगानीकर्ता भने फस्ने हुनाले यसलाई रोक्न सरकारले सेयर बजारलाई नियन्त्रण र नियमन गर्नु आवश्यक छ ।

# नेपालको विकास र समृद्धिका बाधा



▶▶ कृष्णप्रसाद पराजुली

विकास र समृद्धिको बहस नेपालका लागि नौलो होइन । राणा शासनको अन्त्यपछि ०१३ सालबाट योजनाबद्ध विकासको प्रयास सुरु भएको हो । सँगै विकास प्रक्रिया थालेका देशले विश्व अर्थतन्त्रमा प्रभुत्त्व जमाइसक्ता पनि नेपाल भने नारा र गफमै सीमित छ । विकासको मुख्य मियो राजनीति हो । स्थिरता र स्वतन्त्रताबिना विकास समावेशी र सबल हुँदैन । नेपालमा आर्थिक विकास र समृद्धिको प्रमुख बाधक राजतन्त्रलाई ठानियो र करिब २४० वर्षे शाहवंशीय राजतन्त्र अन्त्य गरी नेपाललाई गणतन्त्र घोषणा गरियो । गणतन्त्र घोषणासँगै समावेशी विकासको अभ्यास सुरु भयो । संविधान सभाबाट नेपालको संविधान जारी गरियो । संविधानले दिगो शान्ति, सुशासन, विकासलाई मुख्य लक्ष्य राखेर 'समाजवाद उन्मुख' लोकतान्त्रिक व्यवस्थालाई अवलम्बन गरेको छ । त्यसपछि भएको निर्वाचनबाट झन्डै दुई तिहाइ बहुमतको बलियो र स्थिर सरकार बनेको छ । जनतामा विकास र समृद्धिको भोक ज्यादै बढेर गएको छ । नेपालको विकासमा बाधा पार्ने केही कारण यसप्रकार छन् :-

**१. राजनीतिकर्मीमा सरकारी सम्पत्ति दुरूपयोग गर्ने प्रवृत्ति :-**

सिंगापुरका निर्माता ली क्वान युले आफ्नो आत्मकथामा एउटा प्रसंग उल्लेख गरेका छन्, ' बंगलादेशका प्रधानमन्त्री शेख मुजिबुर रहमानले सन् १९७३ मा क्यानडामा आयोजित कमनवेल्थ सम्मेलनमा भाग लिन जाँदा विमान बंगलादेशको बोइङ - ७०७ लिएर गएका थिए । साताभरको सम्मेलनमा त्यो बोइङ उनलाई कुरेर ओटावा विमानस्थलमा बसिरह्यो । युले लेखेका छन्- त्यत्रो महँगो विमान सरकार प्रमुखलाई कुरेर बसिरहनु र त्यसले त्यति बेला कुनै पैसा नकमाउनु दुःखको कुरा हो । प्रधानमन्त्री रहमानले कमनवेल्थ सरकारहरूले आफ्नो देशलाई सहयोग गर्न आग्रह गरिरहँदा मैले उनले पैसा कमाउने मेसिनलाई आठ दिनसम्म बिनाकाम रोकिराखेको सम्झिरहेँ । यो तेस्रो विश्वको साझा समस्या नै होला ।

हामीकहाँ पनि सरकारी सम्पत्तिको दुरूपयोग गर्ने प्रवृत्ति व्यापक छ । नेताहरू पेट दुख्दासमेत राज्यको खर्चमा विदेश उपचार गर्न जान्छन् । नेता भएको घमण्ड र धङ\धडी छ । केही स्वार्थी समूह वा आफ्ना कार्यकर्ता र गुट उपगुटको समर्थन तिनको संरक्षणमा मात्र नेताको ध्यान गएको देखिन्छ ।

**२. विकासको दीर्घकालीन नीति र प्राथमिकता तय नहुनु**

राजनीतिक वृत्तमा होस वा अन्य बौद्धिक बहसमा नेपालको विकासको दीर्घकालीन सोच के हो ? विकासको मोडेल के हुने ? विकासका मूलभूत प्राथमिकता के हुन् ? कुन हिसावले विकासलाई अगाडि बढाउने ? लगायतका विषयमा खासै बहस र चर्चा परिचर्चा भएको पाइदैन । राज्यले पनि यस विषयमा स्पष्ट खाका तय गर्न सकेको छैन । गन्तव्य तय गर्न नसकेसम्म हिँड्ने प्रयासको अर्थ हुँदैन । नेपालको संविधानले समाजवाद उन्मुख राज्यको निर्माण गर्ने कल्पना गरेको छ । नागरिकका मौलिक हकको दायरालाई फराकिलो बनाएको छ । राज्यका नीतिहरूको माध्यमबाट विकास र समृद्धिका सम्भावना तय गरेको छ । यिनै कुरालाई मुख्य आधार बनाएर विकासको माग{चित्र तय गरिनुपर्ने हो तर त्यसो हुन सकिरहेको छैन ।

चुनाव ताका होस् वा अन्य सभा सम्मेलनमा सरकारभित्र रहेका र नरहेका राजनितिक नेताले विकासका ठूलाठूला भाषण गरेको पाइन्छ । देशलाई १० बर्षमा स्विजरल्यान्ड बनाउनेदेखि पानी जहाज चलाउने, घरघरमा ग्यास पाइपलाइन जोड्ने, देशलाई रेल सञ्जालले जोड्नेलगायत भाषण सुन्न पाइन्छ । तर, ती सबै काम कसरी गर्ने हो ? पुँजी कसरी जुटाउने हो ? कुन मोडलका विकास गर्ने ? लगायतका विषयमा कतै चर्चा गरेको पाइँदैन ।

भाषण मात्र गर्ने तर काम केही नगर्ने हुनाले नेताको भाषणलाई जनताले मनोरञ्जन मात्र मान्न थालेका छन् । विकासका लागि स्पष्ट योजना र सोचसहित काम गर्नुपर्छ । यसका लागि सर्वप्रथम राज्यले विकासको मोडल तय गर्नुपर्छ । त्यसैको आधारमा दीर्घकालीन सोच बनाउने तथा विकासका प्राथमिकता तय गरी आवधिक योजना बनाउने र त्यसको आधारमा वार्षिक बजेट बनाएर कार्यान्वयन गर्नुपर्छ । कति वर्षमा देशलाई कहाँ लाने भन्ने विषयमा गहन छलफल हुनु आवश्यक छ । कम्तीमा पनि ५० वर्षको सोच बनाएर काम गर्न सकियो भने केही उपलब्धि हासिल गर्न सकिन्छ ।

**३. ऐन कानुन पनि विकासको अवरोधक हुनु**

विकासको हाम्रो शैली अत्यन्त प्रक्रियामुखी र परम्परागत छ । हाम्रा ऐनकानुनले पनि नतिजाभन्दा प्रक्रियामा जोड दिएका छन् । प्रक्रियामुखी कानुनको कार्यान्वयन झन्झटिलो त रहन्छ नै अलिकति प्रक्रिया मिचेर राम्रै काम गर्दा पनि अनियमितताको आरोप लागिहाल्छ । कतिपय अवस्थामा अदालतले समेत काम रोक्छ । यस्तो अवस्था सधैँ रहने हो भने देश विकास अगाडि बढ्न सक्तैन । विकासका लागि प्रक्रियाभन्दा पनि नतिजामुखी कानुनको खाँचो छ । संसद्ले कानुन बनाउँदा के के प्रक्रिया पूरा गर्नुपर्छ भन्दा पनि कति समयमा कस्तो नतिजा दिन्छ र जिम्मेवारी लिने व्यक्ति को हो भन्ने विषयमा जोड दिनुपर्ने देखिन्छ । नतिजालाई आधार बनाएर कामको मूल्यांकन गर्ने कानुन बनाउने हो भने विकासको गति अगाडि बढाउन सकिन्छ ।

**४. मानव स्रोतको व्यवस्थापन प्रभावकारी नहुनु :-**

मानिस विकासको साध्य र साधन दुवै हो । विकासको अन्तिम लक्ष्य मानव नै हो भने विकासको मुख्य स्रोत वा आधार पनि मानव नै हो । त्यसैले मानव स्रोतलाई विकासको सवा{धिक महत्त्वपूर्ण विषय मानिन्छ । मानव स्रोतको सही व्यवस्थापनबिना विकास असम्भव नै हुन्छ । देशमा उपलब्ध श्रमशक्तिको समुचित परिचालन गरी विकासको गति अगाडि बढाउनु आवश्यक छ । त्यसका लागि मानवीय क्षमता अभिवृद्धि गरिनुपर्छ । शिक्षा र स्वास्थ्यमा लगानी गरी मानवीय क्षमता अभिवृद्धि गर्न सकिन्छ । गुणस्तरीय, सीपयुक्त र प्रविधिमैत्री शिक्षा तथा भरपर्दो र पहुँचयोग्य स्वास्थ्य सेवा प्रत्येक प्रदान गरी मानवीय क्षमता अभिवृद्धि गर्न सक्छ । त्यसैले शिक्षा र स्वास्थ्यको जिम्मा राज्यले नै लिनुपर्छ ।

नेपाल यतिखेर जनसांख्यिक लाभको स्थितिमा छ । करिब ५७ प्रतिशत काम गर्न सक्ने सक्रिय जनसंख्या छ । यो विकासको लागि सुनौलो समय हो । यस्तो अवस्था अझै २५-३० वर्षसम्म रहनसक्ने देखिन्छ । त्यसैले राज्यले यो जनसंख्यालाई उपयोग गर्न सक्ने गरी काम गर्नुपर्छ । अहिले राज्यले उचित व्यवस्थापन गर्न नसक्दा भएको जनसंख्या काम नपाएर बस्नु परिरहेको छ । युवा जनशक्ति विदेश पलायन भएको छ । देशको युवा र दक्ष जनशक्ति विदेश पलायन हुँदा विकास प्रकियामा धक्का लागेको छ । त्यसैले देश बनाउनु छ भने शिक्षा र स्वास्थ्यमा लगानी गरी दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ र दक्ष जनशक्तिलाई देशमा काम गर्नसक्ने वातावरण निर्माण गरिनुपर्छ ।

**५. नागरिकमा सकरात्मक सोच र चिन्तन अभाव हुनु :-**

नेपाली समाजमा हरेक कुरालाई नकरात्मक दृष्टिले हेर्ने बानी छ । चिया पसलदेखि स्कुल कलेज, खेतबारी जताततै देश बर्वाद भयो, सतीले सरापेको देश उँभो नलाग्ने भयो, नेताले देश खाए भन्नेमात्र सुनिन्छ । देश बनाउने र विकास गर्ने मूल दायित्त्व सरकारको हो तर जनताको पनि देश विकासमा उत्तिकै भूमिका रहन्छ । आफू ढलेको सिन्को ठाडो नपार्ने तर देश बनेन वा नेताले देश बिगारे भनेर गफ गरेर समय खेर फाल्ने प्रवृत्तिले पनि हामी पछि परेका हौं । विकास सरकारले गरिदिने जनताले त उपभोग गर्नेमात्र हो भन्ने भाव जनतामा व्याप्त छ ।

देशको आर्थिक सामाजिक विकासमा नागरिकको भूमिका गहन हुन्छ । देशप्रति माया, सद्भाव र आपसमा भातृत्त्व कायम राख्दै सकारात्मक सोच बनाई विकासमा योगदान गर्न सकिन्छ । नेता र प्रशासकलाई सरापेर समय खेर फाल्नुभन्दा आफ्नो ठाँउबाट देशका लागि के गर्न सकिन्छ ? आफ्नो योग्यता र सीप कुन क्षेत्रमा प्रयोग गर्न सकिन्छ ? प्रत्येक नागरिकले मनन\ गर्ने हो भने पनि देश विकासमा योगदान पुग्न सक्छ । देश विकासका लागि देशप्रति माया गर्ने र सकारात्मक सोच राख्ने नागरिकको खाँचो हुन्छ । देश बन्दै छ, देशलाई हामी सबै मिलेर बनाउनु पर्छ, देश बनाउने जिम्मा हाम्रो हो, हामीले राज्यलाई सक्तो सहयोग गर्नुपर्छ, उचित कर तिर्नुपर्छ र राज्यका नीतिनियम पालन गर्नुपर्छ । अनि मात्र राज्याई पनि काम गर्न सहज हुन्छ भन्ने सबै नागरिकले मनन गर्नुपर्छ । त्यसैले देश विकासका लागि सोच बदलौं । त्यसको सुरु आफैँबाट गरौँ ।

**६. सरकारभन्दा बलियो पुँजीपति वर्ग हुनु :-**

सरकार सीमित हुनुपर्छ तर स्थिर र शक्तिशाली हुनुपर्छ भन्ने मान्यता लोकतन्त्रले राख्छ । सरकार आफ्ना नीतिनियम कार्यान्वयन गर्न सक्ने गरी बलियो हुनुपर्छ । वर्तमान सरकार नबन्दासम्म जनतालाई लाग्थ्यो स्थिर सरकारको अभावमा देशको विकास हुन सकिरहेको छैन । त्यसै ठानेर जनताले कम्युनिस्ट गठबन्धनलाई स्पष्ट बहुमत दिए । जनतामा वर्तमान सरकार बनेपछि आशा पनि बढ्यो । सरकार गठन भएको झन्डै १ वर्षभन्दा बढी भइसकेको छ ।

सीमित पुँजीपती वर्गको पञ्जामा सरकार छ । दलाल र पुँजीपतीले सरकारलाई टसमस गर्न दिइरहेका छैनन् । दलाल पुँजीपति वर्गको दबाब सामु सरकार निरीह हुनुपर्ने अवस्था छ । जहाँजहाँ सरकारले हात हाल्छ त्यहाँ सरकारले अपेक्षित नतिजा हासिल गर्न नसक्नु यसैको उदाहरण हो । चाहे यातायात सिन्डिकेटको क्षेत्रमा होस् वा बजारभाउ नियन्त्रणमा वा शान्तिसुरक्षा र अमनचयन कायम गर्ने काममा सरकारलाई बाह्य क्षेत्रबाट सहयोग भएको देखिँदैन । देश बनाउने जिम्मा सरकारको मात्र होईन । निजी क्षेत्र, नागरिक समाज सबैले यसमा हातेमालो गर्नु आवश्यक छ । तर, सधैँ आफ्नो फाइदा मात्र हेर्ने पुँजीपतीवर्गले सरकारलाई घुँडा टेकाउन खोज्दा देशको विकास पक्कै पनि पछाडि धकेलिन्छ ।

**७. कमजोर विकास व्यवस्थापन, असक्षम कर्मचारीतन्त्र र व्यापक भष्टाचार :-**

देश विकासका लागि विकास व्यवस्थापन सबल हुनपर्छ । विकास व्यवस्थानपनको नेतृत्त्वकर्ता कर्मचारीतन्त्र सक्षम र इमानदार हुनुपर्छ । भ्रष्टाचार शून्य हुनुपर्छ । तर, नेपालमा न विकास व्यवस्थापन सबल छ न कर्मचारीतन्त्र सक्षम र इमानदार छ, न भष्टाचार कम छ । तीनवटै कुरामा नेपाल कमजोर हुँदा देशको विकासले गति लिन सकेको छैन ।

विकास व्यवस्थापनको शैली पनि हामीकहाँ अत्यन्त कमजोर छ । विकास व्यवस्थापनको नेतृत्त्वकर्ता कर्मचारीतन्त्रले प्रभावकारी ढंगले काम गर्न सकिरहेको छैन । स्थायी सरकार मानिने कर्मचारीतन्त्र त्यसमा पनि निजामती सेवाको आफ्नै भविष्य अन्योलमा छ । कर्मचारीलाई उत्प्रेरित गर्न सरकारले सकिरहेको छैन । कर्मचारीतन्त्रले पनि आफूलाई समय र परिस्थितिअनुरूप परिवर्तन गर्न सकेको छैन । कर्मचारीतन्त्रमा भ्रष्टाचार र अनियमितता व्यापक छ । देशलाई विकसित तुल्लाउन राज्यले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्नै पर्छ ।

अन्त्यमा, नेपाल विकास र समृद्धिको सुनौलो चरणमा छ । राजनीतिले आफ्नो लय समातिसकेको छ । सरकार गठन भएको पनि एक वर्षभन्दा बढी समय भइसकेको छ । विकासको लागि अनुकुल परिस्थिति सिर्जना हुँदै गएको छ । अब पनि विकास अगाडि बढाउन नसके भावी पुस्ताले सराप्नेछ । बाह्रखरी

## मननयोग्य

### विदुर नीति

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संर्घषको कारण हुन जान्छ ।

जुवाडेले त्यस्को तारिफ गर्दछन्, साथै वेश्याहरू र चाटुकारहरू समेतले प्रशंसा गर्ने गर्दछन् भने त्यस्तो मान्छे बाँचिरहँदैन अर्थात ऊ शीघ्र नष्ट हुनजान्छ । हे धृतराष्ट्र ! तपाईले महान् धनुर्धर र अत्यन्त तेजस्वी पाण्डवहरूलाई छाडेर यो महान् ऐश्वर्यको भार दुर्योधनउपर राखिदिनुभयो । तीनैलोकको साम्राज्यबाट जसरी दानवीर बलिराजा च्यूत भए थे, तपाईले पनि अब त्यसैगरी यो हस्तिनापुरको साम्राज्यबाट दुर्योधनादि कौरवहरू भ्रष्ट (पटन) भएको देख्नुहुनेछ ।

हे विदुर ! मानिस ऐश्वर्यको प्राप्ति र नाशमा स्वतन्त्र छैन । धागोमा बाँधेर कठपुतलीलाई नचाए झैं गरेर प्रारब्धले मानिसलाई नचाईराखेको छ । यस्तो कसरी भएको हो तिमी भन्दै जाऊ, म सुनी नै रहन्छु । कुनै भने मघुर बोलीले (मिजासिलो स्वभाव) ले गर्दा प्रिय बन्न सक्तछ । तर वास्तवमा जो लोकप्रिय छ ऊ सधैंभरि सर्वप्रिय नै भइरहन्छ ।

मानिसले जसलाई द्वेष गर्छ, यसरी द्वेष गरिने व्यक्तिलाई उसले सज्जन, विद्वान् र बुद्धिमान् ठान्दैन । मन परेको व्यक्ति (मित्र) द्वारा गरिने सबै राम्रा नराम्रा कामहरू शुभ नै लाग्ने गर्छन्, परन्तु द्वेष गरिएको अथवा मन नपरेको व्यक्ति (दुस्मन) ले गर्नु पुण्य कामहरू नै छन् तापनि सदैव अशुभव वा पापमय हुन जान्छन् ।

हे राजाराज धृतराष्ट्र ! मैले (विदुरले) दुर्योधन जन्मना साथै उसलाई हेरें । जुन लक्षणहरू उसमा देखेथें अनि मैले तपाईलाई भनें यो एउटा छोरोलाई त्यागिदिनुहोस्, यस त्यागले अरु सय छोरा बढ्नेछन् यदि यसलाई नत्याग्ने हो भने सयवटा छोरा नै घट्नेछन् ।

क्रमशः

## पत्र-मञ्जुषा

### खुवालुङमाथिको आक्रमण गलत

**सम्पादकज्यू,**

नेपालको आदिवासी जनजाति समुदाय किरातहरूको सांस्कृतिक महत्त्व बोकेको खुवालुङ ढुंगाको संरक्षण आवश्यक छ । खुवालुङ ढुंगा मात्रै होइन, यो त किरात समुदायको संस्कृतिसँग, मन्धुम र सभ्यतासँग जोडिएको ढुगा भएकाले यसको संरक्षणका लागि राज्यको तर्फबाट नै विशेष पहल हुनुपर्छ । यो देश सबैको साझा हो, यहाँ सबै समुदायको उत्तिकै अधिकार छ । यहाँ सबैले आफ्नो धर्म, संस्कृति मान्ने अधिकार छ । कोही कसैको धर्म, संस्कृतिमाथि प्रहार गर्न पाइँदैन । खुवालुङ भन्नेबित्तिकै किरात समुदायको पुर्खा र उनीहरूको संस्कृतिसँग गाँसिएको कोही कसैलाई अप्ठ्यारो भएको भन्दैमा यसलाई फुटाउन पाइँदैन । प्रकृति पूजक किरातहरूको विश्वासको धरोहरका रूपमा मान्दै आएको खुवालुङमाथि आक्रमण गर्ने हक कोही कसैमाथि छैन । यो देशको सबै संस्कृति यो देशको सम्पत्ति हो, त्यसमा झन् किरात धर्म भन्नेबित्तिकै ओमकार धर्महरूमध्ये सबैभन्दा पुरानो धर्मका रूपमा स्वीकार गरिएकाले यो धर्मसँग जोडिएका सबै अवयवहरूको संरक्षण आवश्यक छ ।

धनकुटा, भोजपुर र उदयपुर जिल्लाको सीमानामा अरुण, तमोर र दूधकोसीको संगममा रहेको ठूलो ढुंगा खुवालुङको नामले प्रसिद्ध छ । संघीय सरकारले जल यातायात सञ्चालनका लागि उक्त ढुंगा फुटाउने बताउँदै आएको थियो । तर किरात समुदायले आफूहरूको संस्कृतिसँग जोडिएको भन्दै फुटाउन नहुने माग गरेका छन् । किरातहरूको मुन्धुममा बारम्बार आउने खुवालुङमाथि आक्रमण गर्न पाइँदैन बरु त्यस ठाउँको संरक्षण गर्नुको विकल्प छैन । संघीय सरकारको बजेटमा जलयातायात सञ्चालनमा रहेको अवरोध हटाउने उल्लेख भएकाले किरात समुदायले खुवालुङ फुटाउन खोजेको भन्दै विरोध जनाइसकेका छन् । संघीय सरकारले बजेट भाषणमार्फत किरात धर्म संस्कृतिसँग जोडिएको सप्तकोसीको नदी बीचमा पर्ने खुवालुङ फुटाउने योजनाको प्रदेश १ सरकार काउन्टर दिएको छ । जुन कदमलाई प्रशंसा गर्नैपर्छ । किरात धर्मसंस्कृतिसँग जोडिएको खुवालुङ फुटाउनेभन्दा पनि संरक्षण गर्नतिर लाग्नुपर्छ ।

वास्तवमा खुवालुङका बारेमा सस्तो, गलत र भ्राम्रक प्रसार गरी राजनीतिककरण गरी फाइदा उठाउन खोजिएको छ । खुवालुङ भन्नेबित्तिकै ढुंगा मात्र नभएर किरातहरूको संस्कृतिसँग जोडिएको धरोहर भएको नाताले त्यसको संरक्षणमा सरकार जुट्नैपर्छ । सदियौँदेखि किरात समुदायले मान्दै आएको धरोहरलाई जलयातायातमा अप्ठ्यारो परेकाले फोड्ने योजना बनाउनु गलत हुने छ । सदियौँदेखिको यो धरोहरलाई संरक्षण गर्नु राज्यको कर्तव्य हो । बरु किराती संस्कृति, सभ्यता र मुन्धुमसँग जोडिएको सप्तकोसी नदीमा अवस्थित खुवालुङ ढुंगाको संरक्षण गर्दै जल यातायातसँगै त्यस क्षेत्रलाई ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक पर्यटकीय केन्द्रको रूपमा संरक्षण र विकास गर्न आवश्यक छ । कोसी नदीको चतरादेखि भोजपुरसम्म जलयातायात सञ्चालन गर्न जलमार्गमा रहेको अवरोध हटाइने बजेट भाषणमा उल्लेख गरेपछि यो विषय विषय झन् विवादित बनेको हो । तर, त्यसो भयो भने नागरिक प्रतिरोधको सामना गर्नुपर्ने हुन्छ । आइएलओ १६९ अनुसार पनि स्थानीयको स्विकृतिबेगर उक्त ऐतिहासिक सम्पदा खुवालुङ फुटाउन पाइँदैन । किरात समुदायको धर्ममाथि आक्रमण भयो भने राज्यले ठूलो क्षति बेहोर्नुपर्ने हुनसक्ने हुनाले सरकारले ध्यान दिनु आवश्यक छ ।

- बद्री राई, भोजपुर ।

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.



**घर भत्कियो**
दाङको तुलसीपुर उपमहानगरपालिका वडा नं ११ बेलगनार निवासी रामु थारुको भत्किएको घर । बिहान भएको र सबै घर बाहिर रहेकाले मानवीय क्षति भने भएन । तर, घरभित्र रहेको सम्पूर्ण सामग्री नष्ट भएका छन् ।
तस्बिरः रासस

# विद्युत्भार कटौतीले उपभोक्ता हैरान

■ कृष्ण न्यौपाने

**दमौली–** अघोषितरूपमा हुने विद्युत्भार कटौतीका कारण तनहुँका उपभोक्ता हैरान बन्दै गएका छन् । विनासूचना प्राधिकरणले पटकपटक विद्युत् कटौती गर्दा अनलाइन कक्षा पढ्ने विद्यार्थी र उद्योगी व्यवसायी मर्कामा छन् । लामो समयदेखि दैनिक विद्युत् जाने आउने समस्या भइरहेको उपभोक्ताको गुनासो छ ।

जिल्लाको म्याग्दे गाउँपालिकामा १० दिनदेखि विद्युत् अवरुद्ध भएपछि स्थानीयवासी मर्कामा छन् । मर्मत गर्नेतर्फ विद्युत् प्राधिकरणले चासो नदेखाएको उद्योग वाणिज्य संघ थर्पु बजार इकाइ सभापति भीमलाल श्रेष्ठले बताएका छन् । 'दश दिन भइसक्यो विद्युत्को समस्या छ, पटकपटक जानकारी गराउँदा पनि चासो दिइएको छैन,' उनले भने ।

विद्युत् अनियमित हुँदा अनलाइन कक्षा पढ्ने विद्यार्थी बढी मारमा परेको स्थानीयवासी रामभक्त घिमिरेले बताएका छन् । 'विद्युत् प्राधिकरणलाई आइतबारसम्म यो समस्या समाधान गर्न अल्टिमेटम दिएका छौँ, त्यसभित्र पनि मर्मत नभए विद्युत् प्राधिकरणमा ताला लगाइदिन्छौँ,' उनले भने ।

विद्युत् प्राधिकरण वितरण केन्द्रका प्रमुख सोवितबहादुर क्षेत्रीले म्याग्दे क्षेत्रमा समस्या आएको ठाउँ पत्ता लगाउन नसक्दा मर्मतमा कठिनाइ भएको बताएका छन् । 'राजमार्ग क्षेत्रमा विद्युत् नियमित भए पनि भित्री क्षेत्रमा मर्मत कार्य जारी छ, कहाँनेर समस्या छ भन्ने पत्ता लगाउन गाह्रो भइरहेको छ,' उनले भने, 'छिट्टै उक्त समस्या समाधान हुन्छ,' उहाँका अनुसार शुरुका केही दिन थर्पु शाखाका प्राविधिकले मर्मतका लागि काम गरे पनि समस्या समाधान हुन नसकेपछि अहिले जिल्लाबाटै प्राविधिक खटिएका छन् ।

शुक्लागण्डकी नगरपालिकामा पनि अनियमित विद्युत्ले सर्वसाधारण हैरान छन् । 'लाइन कति बेला जान्छ । कति बेला आउँछ पत्तो हुँदैन,' शुक्लागण्डकी-३ कवासे निवासी समुन्द्र कार्की भने, 'यतिबेला बाबुनानीको अनलाइन कक्षा चलेको छ । बेलाबेला लाइन जाँदा पढ्न समस्या भएको छ ।' कहिलेकाहीँ दिनमा १० पटकसम्म पनि लाइने जाने गरेको उनले जानकारी दिए । उनका अनुसार बिहान, दिउँसो, बेलुका जुनसुकैबेला पनि विद्युत् अवरुद्ध हुने समस्या छ ।

विद्युत् जाने समस्याले अनलाइन कक्षा चलाउनै समस्या हुने गरेको ज्ञानबगैँचा बोर्डिङ स्कुल बेलचौताराका प्रधानाध्यापक सुरेश पौडेलले बताएका छन् । 'कक्षा शुरु भयो लाइन जान्छ, फेरि आउँछ, हैरान बनाउँछ । यो समस्याले प्लानिङअनुसार पढाउन सकिँदैन । तालिका अस्तव्यस्त हुन्छ,' उनले भने ।

विद्युत्भार कटौती धेरै हुन थालेपछि विद्यालयले इन्भटर खरिद गरेको छ । विद्यालयले इन्भटर व्यवस्था गरेर कक्षा चलाउँदा विद्यार्थी भने लाइन गएका बेला एक दुई जना मात्रै सहभागी हुने गरेको उनले जानकारी दिएका छन् । विनाजानकारी विद्युत् कटौती गर्नुको सट्टा घोषितरूप्मै विद्यत्भार कटौती गर्दा सहज हुने उनको भनाइ छ । 'विद्यतभार कटौतीको तालिका भए त्यहीअनुसार अनलाइन कक्षाको तालिका बनाएर पढाइन्थो,' उनले भने ।

दैनिक विद्युत् अनियमित हुँदा उद्योग सञ्चालक पनि मारमा परेको शुक्लागण्डकी उद्योग वाणिज्य संघका अध्यक्ष हरिकुमार श्रेष्ठले बताएका छन् । केही उद्योग धरासायी बन्ने अवस्था सिर्जना भएको उनले गुनासो गरेका छन् । पटकपटक समस्या समाधानका लागि प्राधिकरणको ध्यानाकर्षण गराए पनि समस्या नहटेको उनको भनाइ थियो ।

विद्युत् अनियमितता हुन थालेपछि कतिपयले बिग्रिएर थन्काएका इन्भटर ब्याट्री मर्मत गरेर पुनःप्रयोगमा ल्याउन थालेका छन् । रासस

# मुख्यमन्त्री र मन्त्रीबीच कार्यसम्पादन सम्झौता




■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले विभागीय मन्त्रीहरूसँग शुक्रबार कार्यसम्पादन सम्झौता गरेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेशद्वारा शुक्रबार आयोजित 'मुख्यमन्त्रीसँग मन्त्रीको कार्यसम्पादन समारोह' मा मुख्यमन्त्री शाहीले विभागीय मन्त्रीसँग कार्यसम्पादन सम्झौता गरेका हुन् ।

चालू आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनलाई प्रभावकारी र प्रतिफलमुखी बनाउन मन्त्रीसँग कार्यसम्पादन सम्झौता गरेको उनले बताएका छन् । 'सरकारले गर्ने कार्यसम्पादनमा निकै गाह्रो र चुनौती भएकाले यसबारे हामीले गहिरो समीक्षा गर्‍यौँ । वित्तीय अनुशासन कायम गर्न यो सम्झौता गरेका छौँ,' मुख्यमन्त्री शाहीले भने, 'विगतमा तत्काल काम गर्ने संरचना र जनशक्तिले अपेक्षित काम गर्न सकिएन । प्रदेश सरकारलाई यस अघिको भुक्तानी दिन अँझै बाँकी छ । हामीले बहुवर्षीय ठेक्का गरेकोमा आर्थिक दायित्व रु आठ अर्ब छ भने अहिले हामीले रु सात अर्ब बजेट विनियोजन गरेका छौँ ।'

कर्णालीमा भौतिक प्रगति राम्रो भएको तर वित्तीय प्रगतिलाई मात्र ध्यान दिएर विकास हुन नसकेको भनेर बाहिर प्रचारबाजी भएको उनले टिप्पणी गरेका छन् । आव २०७६/७७ मा सङ्गठन तथा जनशक्ति व्यवस्थापन गर्नुपरेको र आव २०७७/७८ मा कोरोना महामारीका कारण अपेक्षाकृत बजेट खर्च हुन नसकेको मुख्यमन्त्री शाहीको प्रतिक्रिया थियो । अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशको विकास प्रगति राम्रो भएको दावी गर्दै उनले चालू आव २०७८/७९ मा शतप्रतिशत बजेट खर्च गरिने धारणा राखेका छन् । उनले आमसञ्चार प्रतिष्ठान ऐनमार्फत ल्याउन लागिएकोले ढिला भएको र पत्रकारको आवश्यक राय सुझाव दिएर अघि बढ्ने जनाए ।

कार्यसम्पादन सम्झौता प्रमुख सचिवसँग विभागीय सचिव र सचिवसँग मातहतका शाखाका प्रमुखबीच सम्झौता हुने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता केशवप्रसाद उपाध्यायले जानकारी दिएका छन् । कार्यसम्पादन समारोहमा प्रदेशका छ मन्त्री, प्रमुख सचिव तथा मन्त्रालयका सचिवलगायत पत्रकार सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

# तीस करोडको लागतमा कारागार बनाइँदै

■ प्रभाव संवाददाता

**विराटनगर–** विराटनगर महानगरपालिकाको हाटखोलामा अत्याधुनिक जिल्ला कारागार भवन निर्माण गर्न लागिएको छ । मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले निर्माणाधिन भवन शिलान्यास गर्दै यसको गुणस्तरमा ध्यान दिन र निर्धारित समयमै सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिए ।

उनले भवनमा बस्ने कैदीबन्दीको जीवन सुरक्षा गर्नु राज्यको दायित्व भएकाले निर्माणमा कुनै कमी कमजोरी हुन नहुनेमा जोड दिएका छन् । मूल्य अभिवृद्धि करबाहेक रु ३० करोड ८३ लाखको लागतमा निर्माण गर्न लागिएको सो भवन आशिष, आशिर्वाद, स्वामी नारायण जेभीले बोलपत्र कबुल गरेको छ । विसं २०८० पुस २४ गतेभित्र निर्माण गरिने सो भवन ३६ हजार ८८३ वर्गफिटको हुने संघीय आयोजना कार्यान्वयन एकाइका प्रमुख गङ्गाप्रसाद यादवले जानकारी दिए ।

कुल १० कट्ठा १० धुर जग्गामा निर्माण गर्न लागिएको सो भवनमा महिला र पुरुष कैदी, सशस्त्र प्रहरी, नेपाल प्रहरी, प्रशासन, कारागार प्रमुख, चमेनागृह र आगन्तुकका लागि अलग-अलग कक्ष रहने भएको छ । भवन निर्माणका लागि शहरी विकास मन्त्रालयले बजेट उपलब्ध गराएको थियो ।

हाल जिल्ला कारागार भएकै ठाउँमा बन्ने सो भवनमा महिला कैदीका लागि ८८ शयया र पुरुष कैदीका लागि २५० शय्या हुनेछ । हाल पुरानो कारागारमा ७१ महिलासहित ९२९ कैदीबन्दी रहेको कारागार प्रशासनका कर्मचारी रामप्रसाद पोखरेलले जानकारी दिनुभयो । नयाँ भवन बनेपछि पनि पुरानो भवनलाई कैदीबन्दीकै लागि प्रयोग गरिने भएको छ । कारागारको कूल क्षेत्रफल तीन बिघा जग्गा छ ।

सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलले नयाँ भवन कैदीबन्दीका लागि निकै सहज हुने बताउनुभयो । निर्माण कम्पनीका प्रमुख केशर बुढाथोकीले राज्यले लगानी गरेको यस प्रकारको भौतिक सम्पत्तिमा कुनै कमी हुन नदिने र निर्धारित समयमै भवन निर्माण गरिने प्रतिबद्धता जनाए ।


छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
प्रदेश नं. २, नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०४/३० गते**

यस कार्यालयबाट चालु आ.व २०७८।०७९ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित आयोजनाहरुको बोलपत्र/दरभाउपत्र द्वारा गर्नु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम ईजाजतपत्र प्राप्त ईच्छुक उद्योग व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

१. अद्यावधिक नबिकरण गरेको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, भू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७६।०७७ सम्मको आय चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सुचना प्रकाशित भएको मितीले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट इच्छुक बोलपत्र दाताले बोलपत्र सम्बन्धित कागजात खरिद गर्न सकिनेछ साथै बोलपत्र पेश गर्न चाहाने बोलपत्र दाताले तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरेको भउचरलाई बोलपत्र कागजातसाथ पेश गर्नु पर्नेछ ।
२. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्र दाताले प्रत्येक पानामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर फारमको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितीले ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा Hard copy दर्ता गर्न सकिनेछ ।
३. एक फर्म वा संस्थाको नाममा खरिद गरेको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
४. दर्ता भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएका मितीले ३१ औं दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताको अनुपस्थिति भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सोको भोली पल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोहि समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
६. सिलबन्दी बोलपत्र फारम साथ जमानत वापत तोकिएको रकम कार्यालयको एन.आइ.सी. एसिया बैंक, भिस्वा स्थित धरौटी खाता नं. L6CA000187452404 मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सकिने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितीबाट कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।
७. बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
८. संयुक्त उपकमको माध्यमबाट काम गर्न ईच्छुक बोलपत्र दाताले संयुक्त उपकम सम्बन्धित सम्झौताको सक्कल बोलपत्र कागजात साथ अनिवार्य पेश गर्नु पर्नेछ ।
९. छिपहरमाई गा.पा. को हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ । बोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझि दररेट भरेको मानिनेछ ।
११. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघि आएको बोलपत्र उपर कुनै कारवाहि हुने छैन ।
१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ । बोलपत्र सम्बन्धित थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि. नं | ठेक्का नं. | कार्यको विवरण | ल.ई रकम (भैट र कन्टेनजैसी) सहित | धरौटी रकम | बोलपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १ | ७/०७८/०७९ | दुई तले चार कोठे भवन निर्माण, श्री नवगवाँ मा.वि.चरगाहाँ , छिपहरमाई गा.पा.-२ , सम्भौता | ५५,४४,३८४।०६ | १,३९,०००।०० | ३,०००।०० | |
| २ | ८/०७८/०७९ | धूव साह कानुको घर देखि सकुर मियाँको घर सम्म सडक ढलान, छिपहरमाई गा.पा.२ टोल चरगाहाँ | २९,९६,५९३।८२ | ७५,०००।०० | ३,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत


# प्रभाव दैनिक

शनिबार, ३० साउन २०७८ (Saturday, Aug 14, 2021)


रूपशाला

## 'कुनै समय'मा केकी र सुधिरको अभिनय

गीतकार पुनम मोथेले नयाँ गीत 'कुनै समय' सार्वजनिक गरेकी छन। गीतमा हरि लम्सालको संगीत र रजिना रिमालको स्वर सुन्न सकिन्छ। गीतको एरेन्ज भने सुरज श्रेष्ठले गरेका हुन्। नायिका केकी अधिकारी र सुधिर श्रेष्ठले अभिनय गरेको गीतको म्युजिक भिडियोलाई निकेश खड्काले निर्देशन गरेका हुन्। म्युजिक भिडियोमा बुद्ध थापाको छायांकन, विकास धमलाको सम्पादन र समरा जोशीको मेकअप रहेको छ।



## दाहालले फिल्म क्षेत्रलाई चलायमान बनाउने सघाउने



**काठमाडौं–** पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले कोरोना महामारीका कारण शिथिल बनेको चलचित्र क्षेत्रलाई चलायमान बनाउन आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाएका छन्। सत्तारुढ दल नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका दाहालले कोरोना महामारीका कारण प्रभावित बनेको चलचित्र क्षेत्रलाई चलायमान बनाउन आवश्यक नीतिगत सुधार गर्न आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाएका हुन्। चलचित्र कलाकार संघका पूर्वअध्यक्ष नवल खड्कासँगको भेटमा दाहालले फिल्म क्षेत्रका समस्याबारे आफू गम्भिर रहेको बताउँदै आफ्नो तर्फबाट पूर्ण सहयोग रहने बचन दिएका थिए।

संघका पूर्वअध्यक्ष तथा नायक, निर्माता खड्काले पूर्वप्रधानमन्त्री दाहाल र पूर्वसभामुख कृष्णबहादुर महरालाई भेटेर फिल्म क्षेत्र चलायमान गराउन विषेश पहल गरिदिन आग्रह गरेका थिए। दाहाल निवास खुमलटारमा भएको भेटमा अभिनेता खड्काले लकडाउन र निषेधाज्ञाका कारण धराशयी बनेको फिल्म क्षेत्रलाई चलायमान बनाउन र नेपाली मौलिक फिल्महरूको प्रवर्द्धनका लागि विशेष पहल गरिदिन आग्रह गरेका थिए।

भेटका अवसरमा खड्काले समग्र फिल्म क्षेत्रको समस्या र चुनौतीको विषयमा समेत व्याख्या गर्दै दाहाललाई चलचित्र क्षेत्रलाई उठाउन राज्यको विशेष अनुसन्धानको आवश्यक रहेको जानकारी गराएका थिए। सिमानामा काँडेतार अभियानका संयोजक समेत रहेका खड्काले राष्ट्रियता संकट पर्ने एमसिसीको विषयमा समेत आफ्नो धारणा राख्दै भ्रष्टाचारका विषयमा पनि ध्यानाकर्षण गराएका जानकारी दिएका छन्।

कोरोना महामारीले फिल्म क्षेत्र सबैभन्दा बढी प्रभावित छ। गत वर्ष नौ महिना फिल्म क्षेत्र पूर्ण रूपमा ठप्प भयो। लकडाउन अन्त्यपछि केही मात्रामा फिल्म निर्माण र प्रदर्शन भए पनि त्यसले फिल्म क्षेत्रलाई प्राण भर्न सकेन। कोरोनाको दोस्रो महामारी फैलिएसँगै फेरि यो क्षेत्र बन्द छ। भीडभाड हुने प्रायः क्षेत्र खुलिसक्दासमेत फिल्म क्षेत्र खुल्ने अझै टुंगो लागेको छैन। सरकारले फिल्म क्षेत्रलाई चलायमान बनाउन चासो नदेखाएपछि फिल्मकर्मीहरू यस क्षेत्रलाई चलायमान बनाउन सक्रिय भएका छन्।

## कलाकारितामा हट एन्ड बोल्ड साक्षी

■ प्रभाव संवाददाता

**काठमाडौं –** कलाकारितामा नाम, दाम र चर्चा पाउनु भनेको फलामको चिउरा चपाए जस्तै हो। भनिन्छ, जो कोहीका लागि यो सम्भव छैन। यो मामलामा लक्की साबित भएकी छन् साक्षी लम्साल। साक्षीले यो क्षेत्रमा दशक समेत बिताएकी छैनन्। नाम, दाम र चर्चा सबै भने पाउन सफल छिन् उनी।

बिसं २०७३ बाट मोडलिङ हुँदै कलाकारितामा प्रवेश गरेकी साक्षी राम्रो पारिश्रमिक लिने कलाकारको सुचिमा पर्दछिन्। हाल ललितपुर भैसेपाटी निवासी उनको पुर्खेली घर भने नुवाकोट हो। कलाकारिता र अध्यायन सँगसँगै अगाडि बढाउदै आएकी उनको भ्वाइस आर्टिटको रूपमा एक प्रोजेटमा डब गरेर कलाकारिता सुरु गरेकी हुन्। त्यसपछि फोटो सुट हुँदै उनी टिभी, मोडलिङ, थिएटर र फिल्ममा समेत छाउन सफल रहिन्।

मोडलिङको पहिलो पाइला उनले डिसहोमको बिज्ञापनबाट सुरु गरेकी हुन्। त्यसमा अभिनेत्री रीचा शर्मा लगायत चर्चित कलाकर्मी टिममा थिए। त्यसपछि एनसेल, गोल्डस्टार, अमृत तेल हुँदै उनले २० महत्त्वपुर्ण ब्राण्डको बिज्ञापन अभिनय गरिसकिन्। म्युजिक भिडियो भने पहिलो अभिनेता पल शाहसँग 'सारा खुसी' गीतको थियो। श्रेया सोताङ र अमित बिष्टको स्वर रहेको यो गीतको भिडियो जीवन थापाले निर्देशन गरेका थिए। यो गीतले उनलाई चर्चा र सफलता दुबै दिलायो। त्यसपछि एकपछि अर्को गर्दै उनको अभिनय यात्रा अगाडि बढी रह्यो।

भिडियो अभिनयको क्रममा रामकृष्ण बजगाइको निर्देशन रहेको फिल्म 'स्वर्ग मेरो गाउँ' उनको हात पर्‍यो। फिल्म अभिनयबाट उनले थप उचाही हासिल गरिन्। फिल्म अभिनयपछि उनलाई थिएटर अभिनयपनि गर्नुपर्छ भन्ने लाग्यो। उनले प्राइभेट वर्कसफ लिएर आरम्भ थिएरटबाट नाटक अभिनय सुरुवात गरिन्। आरम्भ थिएटरमा 'सातुको कथा' र आदीकवि भानुभक्तको जीवनमा आधारित एक नाटक गरेको उनले बताइन्।

उनले अभिनय गरेको म्युजिक भिडियो डेढ दर्जन नाघेका छन्। यो सख्या तीन दर्जनबढी पनि हुन्थ्यो होला। तर, उनी चुजी भएकोले संख्या कमि भएको हो। 'राम्रा र स्तरिय गीतको म्युजिक भिडियो मात्र मैले अभिनय गर्ने गरेको छु' उनले भनिन्।

उनले गायक रामकृष्ण ढकाल, शिव परियारसँग उनीहरूकै गीतमा मोडलिङ गरेकी छन्, भने चर्चित भिजे तथा मोडल नरेश भट्टराई, नेपाल आइडल अमित बराल, रीमा गुरुङ होडासँग अभिनय गरेको उनको गीतले पनि चर्चा पाएका छन्।

कलाक्षेत्रका सुरुवातको समय उनका लागि त्यति सहज भने थिएन। यो क्षेत्रमा उनले चिनेका र सपोट गर्ने कोही थिएनन्। 'प्रतिभा भयो भने गर्न सकिन्छ भन्ने विश्वास ममा थियो। त्यही बिश्वासका साथ संघर्ष गरिरहे' उनले अगाडि थपिन् 'परिवारको सपोटले पनि आट दिएको थियो।'

संघर्षको क्रममा उनले २४ घन्टा समेत लगातार सुटिङ गरेकी छन्। त्यो क्रममा भोकै काम गरेको अनुभव पनि थुप्रै छ। जस्तै अवस्थामा कलाकारिताबाट कहिलै पिडा महशुस गरिनन् उनले। बरु आनन्द महसुस गरिन्। कारण खोलिन् 'मनपरेको क्षेत्र भएर होला दुःख, दुःख जस्तो लागेन।' कामको नतिजा राम्रो आउँदा धेरै खुसी मिल्ने गरेको उनी सुनाउछिन्।

नाटक, म्युजिक भिडियो, फिल्म, बिज्ञापन लगायत कलाकारिताको धेरै बिधामा क्रियासिल उनलाई अहिले बिज्ञापन र म्युजिक भिडियो सबैभन्दा सजिलो लाग्छ रे। ' बिज्ञापन चलचित्र र म्युजिक भिडियो छिट्टै सकिने र रिजल्ट पनि तुरुन्त पाइने भएको सजिलो लाग्छ' उनले थपिन् 'फिल्म र नाटक समय पनि लाग्छ र गाह्रे पनि छ।' आगामी दिनमा फिल्म अभिनयलाई समेत निरन्तरता दिने सोचमा रहेकी उनले 'स्वर्ग मेरो गाउँ'पछि फिल्म अभिनय गरेकी छैनन्। यो भन्दैमा उनका हातमा फिल्मका अफर नपरेको भने होइन। थुप्रै अफर आएका थिए। 'कोही निर्माण युनिट चित्त नबुझेनर, केही आफ्नो भुमिका मननपरेर रिजेक्ट गरिदिए' उनले भन्दै थिइन् 'गलत फिल्म गरियो भने मिहिनेतले आर्जन गरेको नाम र चर्चा अनि करियर डुब्ने डर पनि थियो।'

पछिल्लो समय कलाकारिताको राम्रो उचाहिमा रहेकी उनको सपना कलाकारितामा कामका हिसावले सबै चिनोस् भन्ने रहेको छ। केही अगाडि उनी आफ्नो जन्मदिन पारेर अनाथहरूको सहयोगका लागि एक आश्रम पुगेकी थिइन्। त्यहाँ सबै खालमा अनाथ बालबालिका थिए। सो क्रममा एक जान दृष्टिबिहिन भाइले उनलाई दिदी तपाई त 'तिम्रो याद भुलाउन' बोलको गीतमा अभिनय गर्ने मानिस होइन भनेर सोधे।

झट् हेर्दा बलिउड अभिनेत्री श्रद्धा कपुर झैं देखिने आकर्षक शरिरकी धानी उनको अभिनयको अलवा गीत गाउन समेत रुचि रहेको छ। मौका मिले गीत निकाल्ने सोच पनि छिन्। फेसनको नयाँ नयाँ ट्रेन फलो गर्ने उनी फेसनमा रुचि पनि राख्दछिन्। उनको मनपर्ने पहिरन वान पिस हो। 'हट एण्ड बोल्ड र ब्युटिफुल समेत म वानपिस र फ्रकमा देखिन्छु' बोल्दै गर्दा उनी लजाइन्।

प्रायः सबै कलाकार आफुलाई मनपर्ने बताउने उनको फिल्म 'पशुपति प्रसाद' अभिनेता खगेन्द्र लामिछानेसँग स्क्रिन शेयर गर्ने रहर छ'। सबैसँग सजिलै घुलमिल हुनसक्ने उनी भेजिटेरियन हुन्।

करियर र भबिश्य उज्वल बनाउन कसरत उनी अहिलेसम्म प्रेमको बिषयमा सोच्न नभ्याएको बताउँछिन्। बलिउड अभिनेत्री श्रद्धा कपुरलाई प्रेरणाको श्रोत मान्ने उनले केही टेलिभिजन कार्यक्रम समेत चलाएकी थिइन्। अभिनय रोजेपछि भने जीवनमा पछि फर्किएर हेर्नु नपरेको उनी बताउँछिन्।



रंगशाला

## फिफा वरीयतामा नेपाल ३ स्थानमाथि



■ प्रभाव संवाददाता

**काठमाडौं –** फिफा वरियतामा नेपालले तीन स्थान सुधार गरेको छ। विश्व फुटबलको सर्वोच्च निकाय विश्व फुटबल महासङ्घ (फिफा)लेसार्वजनिक गरेको पुरुष फुटबलको नयाँ वरियतामा नेपालले तीन स्थान सुधार गर्दै १६८औँ स्थानमा उक्लिएको हो। यसअघि नेपाल १७१औँ स्थानमा रहेको थियो।

नेपाल दक्षिण एशियाली राष्ट्रको वरियतामा तेस्रो स्थानमा छ। गत मे महिनाको अन्तिममा पछिल्लो पटक फिफाको वरियता सार्वजनिक हुँदा नेपालको अंक ९६८ रहेको थियो। अहिलेको नयाँ वरियतामा नेपालले चार अंक बटुल्दै ९७२ बनाएको छ।

नेपालभन्दा अगाडि भारत र माल्दिभ्स रहेको छ। भारत १०५औँ स्थानमा छ भने माल्दिभ्स १५८औँ स्थानमा रहेको छ।

नेपालभन्दा तल भूटान, बंगलादेश, श्रीलंका र पाकिस्तान रहेको छ। बंगलादेश १८८औँ स्थानमा छ भने भूटान १८७औँ स्थानमा छ। त्यस्तै पाकिस्तान १९८औँ स्थानमा रहँदा श्रीलंका २०५औँ स्थानमा छ।

बेल्जियम फिफा वरियताको शीर्ष स्थानमा छ भने ब्राजिल दोस्रो स्थानमा छ। त्यसैगरी फ्रान्स तेस्रो स्थानमा रहँदा इंग्ल्यान्ड चौथो तथा इटाली पाँचौँ स्थानमा छ। अर्जेन्टिना छैटौं, स्पेन सातौं, पोर्चुगल आठौं, मेक्सिको नवौं र अमेरिका दशौं स्थानमा छ।

## प्रदेश खेलकूद परिषद्उपाध्यक्षमा गुरुङ

**पोखरा –** गण्डकी प्रदेश खेलकूद परिषद्का उपाध्यक्षमा जिल्ला बास्केटबल संघका अध्यक्षसमेत रहेका ध्वजकुमार गुरुङ नियुक्त भएका छन्। प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले उनलाई उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री कुमार खड्काले जानकारी दिए।

स्याङ्जाको वालिङ नगरपालिका- १२ सिर्सेकोट कोखे घर भई उनी हाल पोखरा-१० मा बसोबास गर्दै आएका छन्। यसअघि उपाध्यक्षमा नियुक्त नारायण पुन परिषद्को बैठकमा उपस्थित नभएका कारण गत साउन १३ गते ७ दिने सार्वजनिक सूचना जारी गरिएकामा सम्पर्कमा नआएको र स्पष्टीकरणको जवाफ नआएकाले उनलाई पदमुक्त गरी रिक्त पदमा गुरुङलाई नियुक्त गरिएको छ।

## क्रिकेट टोलीको फिटनेसमा गोहिल

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली राष्ट्रिय क्रिकेट टोलीको स्ट्रेन्थ र कन्डिसन प्रशिक्षकमा भारतका राकेशकुमार काशीभाई गोहिललाई नियुक्त गरेको छ। गोहिललाई ३८ जना प्रतिस्पर्धीबाट छनोट गरेको क्यानका अध्यक्ष चतुरबहादुर चन्दले जानकारी दिए। खेलाडीको फिटनेश सुधारमा गोहिलको मुख्य भूमिका रहने क्यानले जनाएको छ।

गोहिलले अष्ट्रेलियाको स्ट्रेन्थ तथा कन्डिसनिङ एसोसिएसनबाट लेभल टु पास गरेका छन्। उनीसँग भारतको नेसनल एकेडेमी र रणजी ट्रफी खेल्ने टोलीसँग काम गरेको अनुभव रहेको क्यानले जनाएको छ।

## इपिएलमा भैरहवाको प्रशिक्षकमा पुबुदु

■ प्रभाव संवाददाता



**काठमाडौं –** एभरेष्ट प्रिमियर लिग (ईपीएल) टी-ट्वान्टी क्रिकेट टिम भैरहवा ग्लाडीयटर्सले टिमको मुख्य प्रशिक्षकमा पुबुदु दसानायकेलाई निरन्तरता दिएको छ।

भैरहवाले बिहीबार चौंथो संस्करणको ईपीएलका लागि मुख्य प्रशिक्षकमा पुबुदुलाई निरन्तरता दिईएको जनाएको छ। नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व प्रशिक्षक समेत रहेका पुबुदुलाई भैरहवाले गत वर्ष नै मुख्य प्रशिक्षक चयन गरेको थियो।

'कोरोनाका कारण प्रतियोगिता केहि पछि सरेपनि हामीले प्रशिक्षकको रूपमा नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व प्रमुख प्रशिक्षक पुबुदु दसानायकेलाई नै जिम्मेवारीमा निरन्तरता दिएका छौं,' भैरहवाले विज्ञप्तिमा जनाएको छ।

चौंथो संस्करणको ईपीएल क्रिकेट असोज ९ गतेदेखि असोज २३ गतेसम्म टियु क्रिकेट मैदानमा हुनेछ। श्रीलंकन मुलका क्यानेडीयन प्रशिक्षक पुबुदु नेपालले सन् २०१४ मा टी-ट्वान्टी विश्वकप खेल्दा टिमको मुख्य प्रशिक्षक रहेका थिए।

रोय डायसले टिम छाडेपछि पुबुदु सन् २०११ मा नेपालको मुख्य प्रशिक्षक बनेका थिए। यस्तै नेपालले विश्व क्रिकेट लिग डिभिजन-४ र डिभिजन-३ को उपाधि जित्दै डिभिजन २ को यात्रा गर्दा पुबुदु मुख्य प्रशिक्षक रहेका थिए।

नेपाल छाडेपछि भने पुबुदु अमेरिकाको मुख्य प्रशिक्षक भएका थिए। पुबुदुले अमेरिकालाई डिभिजन-४ बाट आईसीसीको एकदिवसीय अन्तराष्ट्रिय मान्यता दिलाउन सफल भएका थिए। नामिबियामा भएको डिभिजन-२ बाट अमेरिकाले एकदिवसीय मान्यता पाएको थियो।

## थ्रीस्टारको कप्तानमा विक्रम

■ प्रभाव संवाददाता



**काठमाडौं –** ललितपुरको 'ए' डिभिजन क्लब थ्री स्टारले बिहीबार कप्तान बिक्रम लामासँगको सम्झौता नवीकरण गरेको छ। थ्रीस्टारले कप्तान बिक्रमसँगको सम्झौता नवीकरण गरिएको जनाएको छ। सहिद स्मारक 'ए' डिभिजन लिग र राष्ट्रिय लिग नजिकिदै गर्दा थ्रीस्टारले कप्तान बिक्रमसँगको सम्झौता नवीकरण गरेको हो।

'ए' डिभिजन लिग कात्तिक २९ बाट सुरु हुनेछ। राष्ट्रिय लिगको मिति भने तय भएको छैन। कप्तान बिक्रमले ११ वर्षयता थ्रीस्टारबाट खेलिरहेका छन्।

'म धेरै खुसी छु थ्रीस्टारमा आबद्ध भएको १२ वर्ष पुगेको छ। यस वर्ष धेरै उतार चढाव, त्याग र कडा मेहनतसँगै बित्यो। थ्रीस्टार मेरो लागी घर जस्तै हो र सबै मेरो परिवार हो,' सम्झौता नवीकरणपछि बिक्रमले भने, 'म सँधै थ्री स्टार परिवारप्रति आभारी छु।' यस्तै कप्तान बिक्रमले यस सिजन थ्रीस्टारलाई उपाधि दिलाउन खेल्ने बताए। 'हाम्रो टिममा उत्कृष्ट खेलाडीहरू छन्। यहाँ सबैको लक्ष्य छन् र मलाई विश्वास छ की हामी लिग उपाधि जित्न कडा संघर्ष गर्नेछौं,' उनले थपे।

थ्रीस्टारले यस अघि मिडफिल्डर आयुश घलान र डोना थापालाई अनुबन्ध गरेको थियो। यस्तै डिफेन्डर अनन्त तामाङ, मिडफिल्डर सन्जोक राई र निशान खड्कासँगको सम्झौता नवीकरण गरेको थियो। थ्रीस्टारले उर्जन श्रेष्ठलाई मुख्य प्रशिक्षकको जिम्मेवारी समेत दिएको छ।

# पौने २ करोडलाई मानवीय सहयोग



**संयुक्त राष्ट्रसंघ–** अफगानिस्तानका राहत कर्मीहरूले झण्डै चार करोड जनसंख्यामध्ये एक करोड ८४ लाख जनसंख्यालाई मानवीय सहयोगको आवश्यकता पर्नसक्ने संयुक्त राष्ट्रसंघले बताएको छ । देशभरि लडाइँ फैलिँदै जाँदा एक करोड ८४ लाख मानिसलाई मानवीय आवश्यकता पर्नसक्ने मूल्यांकन गरिएको राष्ट्रसंघका मानवीय सहयोगमामिला अधिकारीले बताएका हुन् ।

संयुक्त राष्ट्रसंघको मानवीय मामिलासम्बन्धी समन्वय कार्यालय (ओसिएचए) ले भनेको छ, 'द्वन्द्व र अन्य खतराहरूबाट सुरक्षाको खोजीमा धेरै मानिसहरू काबुल र अन्य ठूला शहरहरूमा आइपुगेका छन् ।' ओसिएचएले भनेको छ, 'विस्थापित, द्वन्द्व, बाढी, लिंगसम्बन्धी मुद्दा र सुरक्षा निगरानीमा ध्यान केन्द्रित गर्दै मानवीय आवश्यकता र तत्काल आवश्यक प्रतिक्रियाबारे कार्यक्रम निर्धारण गर्न राष्ट्रसंघ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संगठनहरूबीच आन्तिरिक मूल्यांकन भइरहेको पनि छ ।'

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका मुख्य प्रवक्ता स्टेफन डुजारिकले सञ्चारकर्मीसँगको नियमित भेटका क्रममा अफगानिस्तानको पछिल्लो घटनाक्रमबारे भने, 'संयुक्त राष्ट्र संघ र गैरसरकारी संस्था दुवैको मानवीय सहयोग समूह अफगानिस्तानमा रहन र उद्धार गर्न समर्पित रहेको छ तर सुरक्षा वातावरण अत्यन्त जटिल र चुनौतीपूर्ण छ ।'

डुजारिकले भने, 'संयुक्त राष्ट्र संघमा अफगानिस्तानका झण्डै तीन हजार ४०० राष्ट्रिय कर्मचारी र करिब ३०० अन्तर्राष्ट्रिय कर्मचारी रहेका भएपनि अहिले उनीहरूमध्ये अधिकांश कोभिड-१९ को महामारीका कारण अफगानिस्तान बाहिर रहनुपरेको छ । हामी द्वन्द्वरत सबै पक्षहरूसँग सम्पर्कमा छौं ।'

### थप दुई सहर कब्जाको दाबी

अफगानिस्तानमा एकपछि अर्को गरी यहाँका सहरहरू कब्जा गरिरहेको तालिबान लडाकूहरूको समूहले अफगानिस्तानको दोस्रो ठूलो सहर कान्दहार पनि कब्जा गरेको जनाएको छ । शुक्रबार बिहान उनीहरूले सो कुरा सार्वजनिक गरेका हुन् । उनीहरूले अफगानिस्तानको कान्दाहार र लस्कार गाह सहर पनि आफूले नियन्त्रणमा लिएको दाबी गरेका हुन् । यस सहर नियन्त्रणमा लिएर आफूहरूले ठूलो सफलता हासिल गरेको पनि उनीहरूको दाबी छ । दक्षिण अफगानिस्तानका यी दुई सहर तालिबानका लागि निकै महत्वपूर्ण विजय भएको लडाकूहरूले दाबी गरेका छन् ।

त्यस सहरलाई तालिबानको बलियो पकड भएको क्षेत्रका रूप्मा लिइएको थियो । त्यसैले पनि विगतमा यहाँ नेटो र अफगान सेनाको ठूलो सुरक्षा दिइएको थियो । कान्दाहार सहर अफगानिस्तानको प्रमुख व्यापारिक केन्द्र पनि हो । त्यसैले उनीहरूले यसलाई ठूलो उपलब्धि भनेका हुन् । अफगानिस्तानमा जारी संघर्षका बीचमा तालिबानले बिहीबार मुख्य सहर घाज्नी र हेरात पनि आफ्नो नियन्त्रणमा लिइएको बताएको थियो । रासस/सिन्ह्वा

# कोरियाको आयात मूल्यमा वृद्धि

**सियोल–** कच्चा पदार्थको उच्च मूल्यका कारण दक्षिण कोरिया आयात भएका सामानको मूल्यमा लगातार तेस्रो महिना वृद्धि देखिएको छ । दक्षिण कोरियाली बजारमा मेदेखि जुलाईसम्म आयातित सामानको मूल्य बढेको पाइएको हो । बैंक अफ कोरिया (बीओके) को शुक्रबार सार्वजनिक तथ्यांकअनुसार जुलाईमा आयात मूल्य सूचकांक ११९.७३ थियो र यो अघिल्लो महिनाको तुलनामा ३.३ प्रतिशतको वृद्धि हो ।

कच्चा पदार्थको मूल्य बढ्दै गएपछि मेदेखि लगातार आयात भएका विदेशी सामानमा पनि मूल्य वृद्धि देखिएको छ । एक वर्षको अवधिमा गत महिना यो सूचकांक १९.२ प्रतिशतले वृद्धि भएको तथ्यांकमा देखिएको छ । गत महिना खानी उत्पादनको मूल्य ४.८ प्रतिशतले बढेको छ । दक्षिण कोरियामा कोइला र तेल उत्पादनको आयात मूल्यमा पनि जुलाईमा ८.१ प्रतिशतको वृद्धि भएको छ ।

दक्षिण कोरियाको 'बेन्चमार्क, दुबई ऋुड' लाई मासिक आधारमा हेर्दा जुलाईमा १.९ प्रतिशतले वृद्धि भएको छ । गतमहिना कम्प्युटर, इलेक्ट्रोनिक तथा अप्टिकल उपकरणहरूको आयात मूल्य ३.४ प्रतिशतले वृद्धि भएको छ । विद्युतीय उपकरण तथा रासायनिक उत्पादनको आयात मूल्य ३ प्रतिशतभन्दा बढी बढेको छ ।

निर्यात मूल्य सूचकांक जुलाईमा १११.१९ पुगेको छ र यो एक महिना पहिलेको भन्दा ३.५ प्रतिशतको वृद्धि हो । आयात मूल्यमा गत वर्षको नोभेम्बरदेखि अपवादमा एक दुई महिनाबाहेक लगातार आठौं महिनासम्म वृद्धि देखिएको छ । रासस/सिन्ह्वा


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-HAWILA FOR TRADING & INDUSTRY CO.

पूर्व स्वीकृति मिति २०७८/03/0९ | पून : विज्ञापन स्वीकृति मिति २०७८/04/२९ | LT. No. 241314 | चलानी नं.६०१५९०१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TRUCK DRIVER | 6 | 0 | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | WORKERS | 1 | 0 | 1000 | ३१,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः भदौ ०५ गते (21th Aug 2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## सच्याइएको

यस प्रभाव दैनिकको मिति २०७८/०४/२९ गते अर्थात् वर्ष ८ अंक ११०, मा प्रकाशित Nice Recruiting Agency Pvt. ltd. Lt No. 231242 को विज्ञापनमा अन्तरवार्ता हुने मिति : २०७८ भदौ ०४ (20th Aug.2021) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्चाइएको छ ।

**Nice Recruiting Agency Pvt.ltd.**

Samakhusi-29, Kathmandu, Tel: +977-01- 4385029,014385077,014385029


## सेफवे बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सेफवे भवन, पुरानो बानेश्वर, काठमाडौं फोन नं. ४४९९३९२,४४९७९८७

### धितोमा रहेको सम्पती लिलाम बिक्री सम्बन्धि अत्यन्त जरूरी ३५ दिने सूचना

**प्रकाशित मितिः २०७८/०४/३० गते**

यस सहकारी संस्थासँग तपसिल वमोजिमका ऋणीहरूले लिएको कर्जाको साँवा व्याजको रकम शर्त बमोजिम बुझाउनु पर्नेमा संस्थाले पटक पटक मौखिक एवं लिखित रूप्मा तरताकेता गर्दा गराउँदा पनि कर्जाको सांवा व्याज नवुझाई कर्जा सम्वन्धि शर्त उल्लघन गर्नुका साथै संस्थाको कर्जा भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले आफुले लिएको कर्जा रकम चुक्ता फर्स्यौट गरिदिन नागरिक दैनिक (आर्थिक) मा मिति २०७६/०३/१६ गते ३५ (पैतिस) दिने र मिति २०७७/०७/०६ मा प्रभात दैनिकमा ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता नगरेकाले साथै २०७७/०९/२१ गतेमा कर्जा असुलीको लागी धितो लिलाम गर्दा समेत यथेष्ट मुल्य प्राप्त हुनेगरी बोलपत्र नपरेको हुँदा यस सहकारी संस्थाको संचालक समितिको पुनः लिलामगरी कर्जा असुली गर्ने निर्णय अनुसार यो ७ (सात) दिने लिलाम सूचना पुनः प्रकाशित गरिएको छ । सहकारी संस्था ऐन तथा प्रचलित अन्य एन नियम र सेफवे वचत तथा ऋण सहकारी संस्था लिमिटेडको विनियम २०६६ को परिच्छेद ७ तथा सेफवे वचत तथा ऋण सहकारी संस्था लिमिटेडको ऋण नीति २०६७ अनुसार मिति २०७८/०५/४ गतेका दिन, दिनको २:०० बजे निम्न शर्त अनुसार तपसीलका ऋणीहरूको धितोहरू सिलबन्दी कोटेशन प्रक्रियाद्वारा संस्थाको कार्यालयमा लिलाम बिक्रि गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । यदि सिलबन्दी कोटेशन लिलामी प्रक्रियामा कसैले धितो सम्पति लिलाम सकार नगरेमा संस्थाले आफनो कब्जामा लिई संस्थाको नाममा नामसारी गरी गराई कुनै पनि समयमा आफनो लेना रकम असुल उपर गरी लिने छ । पछि कुनै उजुर बाजुर गर्न पाईने छैन । सो जग्गा लिलाम बिक्रिमा भाग लिन ईच्छुक व्यक्ति वा फर्मले निम्न बमोजिमको शर्त अनुसार २०७८/०५/०४ गतेका दिन दिनको २:०० बजे सम्ममा संस्थाको कार्यालयमा आफुले लिलाममा लिन खोजेको जग्गाको आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशत धरौटी रकम संस्थामा नगद जम्मा गरेको सक्कल भौचर संलग्न गरी संस्थाबाट सोही दिन १.०० बजे सम्म उपलब्ध गराईने कोटेशन फारम भरी सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यसै सुचना द्धारा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । साथै मिति २०७८/०५/०५ का दिन (विदाको दिन परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिनको २ बजे उक्त सिलवन्दि कोटेशन खोलिने समेत जानकारी गराईन्छ ।

तपसिल

| सि.नं. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १. | श्री लक्ष्मण प्रसाद शर्माको नाती निलकण्ठ चौरेलको छोरा जि.ललितपुर , भट्टेडाडा गा.वि.स, बार्ड नं. १ (हाल ललितपुर उपमहानगरपालिका वार्ड नं १९, बस्ने वर्ष ७३ को तुलसी प्रसाद चौरेल शर्मा | ऋणीको जेथा जमानी : का. जि.काठमाडौं, गा.वि.स.भिमसेनथान हाल दक्षिणकाली न.पा. वडा न.५ (ग) कि.नं. ३८ क्षेत्रफल : ९-०-०-० |
| २ | श्री लक्ष्मण प्रसाद शर्माको नाती निलकण्ठ चौरेलको छोरा जि.ललितपुर , भट्टेडाडा गा.वि.स, बार्ड नं. १ (हाल ललितपुर उपमहानगरपालिका वार्ड नं १९, बस्ने वर्ष ७३ को तुलसी प्रसाद चौरेल शर्मा | ऋणीको जेथा जमानी : का. जि.काठमाडौं, गा.वि.स.भिमसेनथान हाल दक्षिणकाली न.पा. वडा न.५ (घ) कि.नं. १६ क्षेत्रफल : १-१-०-० |

# कोरियाको आयात मूल्यमा वृद्धि

**सियोल–** कच्चा पदार्थको उच्च मूल्यका कारण दक्षिण कोरिया आयात भएका सामानको मूल्यमा लगातार तेस्रो महिना वृद्धि देखिएको छ । दक्षिण कोरियाली बजारमा मेदेखि जुलाईसम्म आयातित सामानको मूल्य बढेको पाइएको हो । बैंक अफ कोरिया (बीओके) को शुक्रबार सार्वजनिक तथ्यांकअनुसार जुलाईमा आयात मूल्य सूचकांक ११९.७३ थियो र यो अघिल्लो महिनाको तुलनामा ३.३ प्रतिशतको वृद्धि हो ।

कच्चा पदार्थको मूल्य बढ्दै गएपछि मेदेखि लगातार आयात भएका विदेशी सामानमा पनि मूल्य वृद्धि देखिएको छ । एक वर्षको अवधिमा गत महिना यो सूचकांक १९.२ प्रतिशतले वृद्धि भएको तथ्यांकमा देखिएको छ । गत महिना खानी उत्पादनको मूल्य ४.८ प्रतिशतले बढेको छ । दक्षिण कोरियामा कोइला र तेल उत्पादनको आयात मूल्यमा पनि जुलाईमा ८.१ प्रतिशतको वृद्धि भएको छ ।

दक्षिण कोरियाको 'बेन्चमार्क, दुबई ऋुड' लाई मासिक आधारमा हेर्दा जुलाईमा १.९ प्रतिशतले वृद्धि भएको छ । गतमहिना कम्प्युटर, इलेक्ट्रोनिक तथा अप्टिकल उपकरणहरूको आयात मूल्य ३.४ प्रतिशतले वृद्धि भएको छ । विद्युतीय उपकरण तथा रासायनिक उत्पादनको आयात मूल्य ३ प्रतिशतभन्दा बढी बढेको छ । रासस/सिन्ह्वा

# भारतमा संक्रमित घट्दै

**नयाँदिल्ली–** भारतमा कोरोनाभाइरसबाट सक्रिय संक्रमितहरूको संख्या घट्दै गएको छ । सरकारी अधिकारीहरूले शुक्रबार बिहान दिएको जानकारीअनुसार भारतमा अहिले संक्रमित अवस्थामै रहेकाहरूको कुल संख्या तीन लाख ८५ हजार दुई सय २७ मा झरेको छ । सक्रिय संक्रमितहरूको यो संख्या गत वर्ष सन् २०२० को मार्चपछिकै सबैभन्दा कम भएको पनि अधिकारीहरूले जानकारी दिएका छन् ।

भारत्मा पछिल्लो २४ घन्टामा ४२ हजार दुई सय ९५ जना कोरोनभाइरसबाट संक्रमणमुक्त भएका छन् । दैनिक रूप्मा संक्रमणमुक्त भएकाहरूको संख्या बढ्दै गएकाले सक्रिय संक्रमितहरूको संख्या कम हुँदै गएको हो । अहिले भारतमा कुल संक्रमितमध्ये १.२ प्रतिशत संक्रमितहरू मात्रै सक्रिय संक्रमित अवस्थामा रहेका केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । रासस/एएनआई

### कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

यस कम्पनीको मिति २०७८/०४/२५ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **आर्थिक सञ्जाल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि परिवर्तित नामले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०४/२८ को निर्णय अनुसार नाम परिवर्तन नाम **आर्थिक सञ्जाल मिडिया प्रा.लि.** कम्पनीले सकार्ने व्यहोराको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**आर्थिक सञ्जाल मिडिया प्रा.लि. (प्रा.लि.नं.२३०६१४)**

का.म.न.पा.-२१, काठमाण्डौं-३

### कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

यस कम्पनीको मिति २०७८/०३/२७ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **काउन्सिल अफ इलेक्ट्रो होमियोप्याथी प्रोडक्ट नेपाल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि परिवर्तित नामले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०४/०३ को निर्णय अनुसार नाम परिवर्तन नाम **काउन्सिलिङ अफ होमियोप्याथी एण्ड सप्लायर्स प्रा.लि.नं. १८३३५५)** को कम्पनीले सकार्ने व्यहोरा साथै कमपनी गरिएको सूचना प्रकाशित गरिएको छ ।

**काउन्सिलिङ अफ होमियोप्याथी एण्ड सप्लायर्स (प्रा.लि.नं. १८३३५५)**

**चन्द्रागिरी नगरपालिका-१०,काठमाण्डौं,३**


## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.**-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन-** गोंगबुचोक, फोनं. ४३६४७१ । **ध्रुवको पसल** -डिल्लीबजार, फोन नं.: ४४३९२०१। **ReachmondBooksShop (रोहित दाहाल)** -फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **YonjanEnterprise-DhalkuBhishalNagar,4438217**। **दन्तकाली स्टेशनरी -** नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। **सारीका स्टेशनरी पसल -** फोन नं. ९८५११२९६८६ । **ज्ञानज्योती पुस्तक पसल -** बागबजार, फोन नं. ४२४००६० । **विश्व स्वतन्त्र संचार -** सुन्धारा, फोन नं. ४२१९४१२ । **निशा बुक्स एन्ड स्टेशनरी -** लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रा.लि. -** पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेशनरी -** बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेशनरी -** गटठाघर ठिमी, फोन नं. **६६३०७५७ । B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर -** कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । **दाजुभाई स्टेशनरी -** पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेशनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एन्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एन्ड मार्केटिङ** गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - ९०५००।- प्रति तोला - ९००००।- प्रति तोला - १३००।-

## एक करोड अनुदान वितरण

**म्याग्दी–** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइले बङ्गुरपालन र सुन्तलाखेती गरेका कृषकलाई रु एक करोडभन्दा बढी अनुदान वितरण गरेको छ।

सुन्तला र बङ्गुरको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रम लागू भएका ठाउँका कृषकलाई कृषि उपकरण, साना सिँचाइ, नर्सरी स्थापना, गोठ सुधार, क्षमता बिस्तारका लागि कूल लागतको ५० देखि ८५ प्रतिशतसम्म अनुदान दिएको हो। परियोजनाले आर्थिक वर्ष २०७७/७८ मा सुन्तला जोनमार्फत रु ६६ लाख १० हजार ७८६ र बङ्गुर जोनमार्फत रु ३६ लाख ५६ हजार ८०९ अनुदान वितरण गरेको जनाएको छ।

कृषि अधिकृत विक्रम बस्यालले सुन्तला जोनमार्फत रु तीन लाख २५ हजार ५०० खर्च गरेर ५० प्रतिशत अनुदानमा २० हजार ७०० बिरुवा वितरण गरेर एक हजार ३८० रोपनीमा सुन्तलाखेती बिस्तार गरिएको जानकारी दिएका छन्।

कृषि यान्त्रिकरण सहयोग कार्यक्रमअन्तर्गत ४० मिनिटेलर, दुई वटा ग्रासकटर, दुई वटा ह्यान्ड स्प्रेयर, २६ वटा पावर स्पेयर, ५६ वटा सिकेचर, ५६ वटा प्रुनिङ सअ र १७ डिजिटल काँटा खरिद गर्न ५० प्रतिशतका दरले रु १२ लाख ५७ हजार ४११ अनुदान उपलब्ध गराइएको छ। ८५ प्रतिशतका दरले कूल रु ५८ हजार ९४९ अनुदान सहयोगमा तीन गोठ सुधार, ८५ प्रतिशतका दरले रु २७ लाख ८० हजार ९३४ सहयोगमा २१ सिँचाइ आयोजना, ७५ प्रतिशतका दरले रु ७१ लाख ४१ हजार ६२९ सहयोगमा पाँच नर्सरी स्रोत केन्द्र स्थापना भएको छ।

सिगाना, बनौं, भकिम्ली, दोसल्ले र पाल्लेखेतमा नर्सरी स्रोत केन्द्र स्थापना भएको छ। मङ्गला माविमा प्राविधिक शिक्षालयको साझेदारीमा व्यावसायिक उत्पादन कार्यक्रम सञ्चालनमा रु तीन लाख तीन हजार ८६३ खर्च भएको छ। ४७५ प्लास्टिक क्रेट खरिद गर्न ५० प्रतिशतका दरले रु एक लाख ४२ हजार ५०० अनुदान वितरण भएको छ। बेनी, बागलुङ नगरपालिका, जलजला, मङ्गला, मालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाको ५२ वडामा सुन्तला जोन कार्यक्रम लागू भएको छ।

यसैगरी इकाइमार्फत सञ्चालित बङ्गुर जोन कार्यक्रमअन्तर्गत १६ बङ्गुर फार्म तथा कृषकले विभिन्न शीर्षकमा रु ३६ लाख ५६ हजार ८०९ अनुदान पाएका नायब पशु सेवा प्राविधिक बलबहादुर ओलीले जानकारी दिएका छन्।

बङ्गुर फार्मको नयाँ पूर्वाधार निर्माण, पुराना गोठ सुधार र व्यवस्थापन, गोबरग्यास निर्माण, मासु पसल सुधार गरेका छन्। बेनी नगरपालिका- १ को अर्जम पशुपालन तथा बहुद्देश्यीय कृषक समूहले सुँगुर खोर सुधार गर्न विपन्न वर्ग लक्षित उन्नत बङ्गुरपालन कार्यक्रममार्फत रु पाँच लाख ७६ हजार ७७० अनुदान पाएका छन्। अनुदान पाउने अन्य फार्ममा पहिलो कृषि , साजन बङ्गुर तथा साजन फ्रेस हाउस, पुर्जा पशुपक्षी तथा कृषि, समीक्षा एण्ड समीर बङ्गुर , दिपेश बङ्गुर प, सङ्गम पशुपक्षी तथा बङ्गुर , सुनगामा कृषि तथा पशुपक्षी , उर्वसी अर्जम पशुपालन तथा बहुद्देश्यीय कृषि , हेराल बङ्गुरपालन , गौरखी कृषि उद्यम केन्द्र, उद्यमशील कृषि तथा पशुपक्षी , सिर्जना कृषि तथा बङ्गुरपालन , थापा पशुपक्षी कृषि मत्स्यपालन र सिमलचौर बङ्गुर फार्म छन्। रासस

## बाँदर धपाउन कृषकलाई यन्त्र वितरण

**भोजपुर–** बाँदरको बथान आएर बालीनाली सखाप बनाउन थालेपछि चिन्ता रहेका किसानलाई उपकरण प्रदान गरिएको छ। मकै तथा अन्यबालीको याममा बाँदरले बढी दुःख दिने भएकाले हैरान भएका यहाँका कृषकलाई डिभिजन बन कार्यालयले धपाउने उपकरण वितरण गरेको हो।

सो यन्त्रले बन्दुक पड्केझै आवाज दिने हुँदा बाँदर भगाउन सजिलो हुने अनुमान गरिएको छ । यतिबेला बारीमा मकैको याम छ, १०० देखि १५० सम्मको हुलमा आउने बाँदरको समूहले बाली जोगाउन मुस्किल परेको छ। स्थानीय कृषक दिनेश विकले भने, 'बालीनाली त लगाइन्छ,



हुलमा १०० देखि १५० आउने बाँदरले बाली जोगाउन नै मुस्किल हुन्छ, ठूलोलाई त लखेटनसमेत समस्या हुन्छ। अब चाहिँ यो यन्त्रले केही सहज होला भन्ने आशा छ।'

प्लाष्टिकको पाइपबाट निर्माण गरिएको यन्त्रमा कार्बाइड र पानीको मिश्रण गरी ग्यास उत्पादन गरेपछि ठूलो आवाजमा पड्कने गर्छ। कार्यालयका प्रमुख विष्णुलाल घिमिरेले भने, ' उपकरणबाट ठूलो आवाज आउने भएकाले बाँदरसहित अन्य जीवजन्तु भगाउन सहज हुन्छ। कृषकलाई बाली जोगाउन समस्या भएकाले परीक्षणस्वरूप केही थान उपकरण वितरण गरेका छौं।'

बर्सेनि जिल्लामा बाँदर आतंक बढ्दै जान थालेकाले खेतीयोग्य जमिनमा समेत बाली लगाउन छाडिएको र जिल्लाका तल्लो भेगका अधिकांशले यसै कारण बसाइँसराइ गरेका छन्। पछिल्लो एक दशकयता बाँदरले बारीमा लगाएको सबै अन्नबाली नष्ट गर्दै आएको कृषकको गुनासो छ।







प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, अध्यक्ष: दुर्गा बहादुर लिम्बू, सम्पादक: कमलराज राई